# थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने बाह्य तत्त्वहरूको पहिचान सम्बन्धी एक अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभागअन्तर्गत
स्नातकोत्तर तह द्वितीय वर्ष (कोर्ष नं. ५९८)को
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**


**शोधार्थी**
प्रभुनारायण चौधरी
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी


त्रि.वि. दर्ता नं. ४३९३८-८८
परीक्षा रोल नं. २१८००४०/०६५

शोधपत्र बुझाएको मिति : २०७१/०१/१०
भाइभा मिति : २०७१/०२/१२
२६ मे, २०१४

# थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने बाह्य तत्त्वहरूको पहिचान सम्बन्धी एक अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभागअन्तर्गत
स्नातकोत्तर तह द्वितीय वर्ष (कोर्ष नं. ५९८)को
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत
शोधपत्र

शोधार्थी
प्रभुनारायण चौधरी
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

त्रि.वि. दर्ता नं. ४३९३८-८८
परीक्षा रोल नं. २१८००४०/०६५

शोधपत्र बुझाएको मिति : २०७१/०१/१०
भाइभा मिति : २०७१/०२/१२
२६ मे, २०१४

थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने बाह्य तत्त्वहरूको पहिचान सम्बन्धी एक अध्ययन- २०७० (सि.नं.५१) प्रभुनारायण चौधरी

# जनता बहुमुखी क्याम्पस

☎०२५-५८१३००
५८००६४

इटहरी, सुनसरी

स्थापित : २०४५

(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)

विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय

प.सं. :

च.नं.:

मिति : २०७१/०१/१०


## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह, द्वितीय वर्ष (Ed. CE. ५९८) को आवश्यकता परिपूर्तिका लागि **थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने बाह्य तत्त्वहरूको पहिचान सम्बन्धी एक अध्ययन** शीर्षकको शोधपत्र प्रभुनारायण चौधरीले मेरो सल्लाह र निर्देशनमा तयार गर्नु भएको हो । प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

---

श्री राजन शर्मा

शोध निर्देशक

जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत जनता बहुमुखी क्याम्पस इटहरीबाट स्नातकोत्तर तह, द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आवश्यकता परिपूर्तिका लागि प्रभुनारायण चौधरीद्वारा प्रस्तुत **थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने बाह्य तत्त्वहरूको पहिचान सम्बन्धी एक अध्ययन** शीर्षकमा तयार पार्नुभएको शोधपत्र स्वीकृतिका लागि प्रस्तुत गर्नुभएकाले यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

हस्ताक्षर

१. श्री टोलनाथ काफ्ले ................................
(विभागीय प्रमुख)
उप. प्राध्यापक
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

२. श्री राजन शर्मा ..................................
(शोध निर्देशक)
उप. प्राध्यापक
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

३. ..................................

(वाह्य परीक्षक)

मिति : २०७०/ /

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र **थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने बाह्य तत्त्वहरूको पहिचान सम्बन्धी एक अध्ययन** त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विषयको स्नातकोत्तर तह द्वितीय वर्षको आवश्यकता परिपूर्ति गर्नका लागि तयार पारिएको हो ।

यस शोधपत्र तयारीका क्रममा आफ्नो व्यस्त समयको बाबजुद पनि आफ्नो अमूल्य समय प्रदान गरी सहज र सरल ढङ्गले आवश्यक सल्लाह, सुझाव, प्रेरणा र कुशल निर्देशन गर्नुहुने श्री जनता बहुमुखी क्याम्पस पाठ्यक्रम तथा मूल्याङ्कन विभागका उप-प्राध्याक शोधनिर्देशक श्री राजन शर्मा प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी विभागीय प्रमुख श्री टोलनाथ काफ्ले, क्याम्पस प्रमुख श्री नारद उप्रेती, सहायक क्याम्पस प्रमुख श्री निरकुमार राई र श्री शान्तिराम दाहाल लगायत सम्पूर्ण गुरुज्यू प्रति आभार प्रकट गर्न चाहन्छु ।

तथ्याङ्क सङ्कलनका क्रममा आवश्यक सूचना तथा जानकारीहरू उपलब्ध गराई सहयोग प्रदान गर्नुहुने उच्च मा.वि.का प्राचार्यज्यूहरू, विद्यालय प्रशासन, शिक्षकज्यूहरू, अभिभावकज्यूहरू लगायत सरोकारवाला विद्यार्थीहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा शोधपत्रलाई छिटो छरितो र सहयोगात्मक ढङ्गले कम्प्युटर टाइप गरी सहयोग प्रदान गर्नुहुने नेहा कम्प्युटर्स इटहरी-५ की रन्जना अधिकारीलाई पनि धन्यवाद दिन चाहन्छु ।

प्रभुनारायण चौधरी

मिति : २०७०/   /

## शोधसार

नेपालमा उच्च माध्यमिक विद्यालयहरू अन्तर्गत पर्ने विशेष गरी तराईका जिल्लाहरूमा विगतका केही वर्षहरूमा शिक्षाशास्त्र सङ्कायमा अध्ययन गर्ने थारु विद्यार्थीहरूको सङ्ख्या उच्च रहेकामा हाल आएर अन्य सङ्कायहरूको तुलनामा कम रहेको छ । पूर्वाञ्चल विकास क्षेत्रभित्र पर्ने सुनसरी जिल्लाका न.पा. र गा.वि.स. अन्तर्गत पर्ने संस्थागत र सामुदायिक उच्च मा.वि.हरूमा थारु विद्यार्थीहरूको शैक्षिक अवस्था कस्तो रहेछ ? शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरू कुन कुन रहेछन् ? शिक्षा शास्त्र सङ्कायमा अध्ययनरत थारु विद्यार्थीहरूको विषयगत शैक्षिक उपलब्धि कस्तो रहेको छ ? आदि जस्ता अवस्थाहरू पत्ता लगाई समाधान गर्नुपर्ने आवश्यकता देखिएको हुँदा **थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने बाह्य तत्त्वहरूको पहिचान सम्बन्धी एक अध्ययन** शीर्षकमा केन्द्रित भई अध्ययन गर्ने कोशिस गरिएको थियो । यस अध्ययनबाट थारु सम्बन्धी नीति निर्माता, योजनाकार, शिक्षाविद्, संघसंस्था, सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूलाई उपयुक्त नीति निर्माण र योजना बनाउन सहयोग पुऱ्याउनुका साथै अन्य अनुसन्धानकर्ताहरूलाई आगामी दिनमा विशेष सहयोग पुऱ्याउन सक्ने भएकाले औचित्यपूर्ण मानिएको थियो । अध्ययनका उद्देश्यहरू उ.मा.वि.मा अध्ययनरत थारु विद्यार्थीहरूको शैक्षिक अवस्था पहिचान गर्नु, शैक्षिक उपलब्धिमा प्रभाव पार्ने बाह्य तत्त्वहरूको पहिचान गर्नु र शिक्षाशास्त्र सङ्कायमा थारु विद्यार्थीहरूको विषयगत उपलब्धिको लेखाजोखा गर्नु रहेको थियो । यसका लागि सुनसरी जिल्लाका इटहरी न.पा.का दुई संस्थागत उ.मा.वि. र चार गा.वि.स.का सामुदायिक उ.मा.वि.हरू सुविधायुक्त छनोट विधिबाट छनोट गरी परिमाणात्मक र गुणात्मक अनुसन्धान ढाँचाको माध्यमबाट प्राथमिक र द्वितीय तथ्याङ्कका स्रोतहरू उपयोग गरी अध्ययन गरिएको थियो ।

सामुदायिक उ.मा.वि.मा अध्ययन गर्ने थारु विद्यार्थीहरू वार्षिक परीक्षामा अधिकतम सङ्ख्यामा अनुत्तीर्ण भएका थिए । तुलनात्मक रूपमा अध्ययन गर्दा संस्थागत उ.मा.वि.मा अध्ययन गर्ने थारु विद्यार्थीहरूको उत्तीर्णदर र औसत प्राप्ताङ्क पनि बढी थियो । सामुदायिक उच्च मा.वि.का सम्बन्धित सरोकारवाला, अभिभावकहरूमा शिक्षाको चेतनाको कमी, गैर जिम्मेवारी उत्तरदायित्व, परिवारको सङ्ख्या ठूलो, बेरोजगारी भएर बस्नु, सामाजिक संस्कारमा अनावश्यक बढी खर्च गर्नु, भाषिक कठिनाई हुनु आदि जस्ता तत्त्वहरूले शैक्षिक अवस्था र विषयगत उपलब्धिमा प्रभाव पारेको थियो ।

उच्च मा.वि.मा अध्ययन गर्ने थारु विद्यार्थीहरूको शैक्षिक अवस्थालाई माथि उकास्न शिक्षकहरूले पाठयोजना बनाई सरल र सहज ढङ्गले पढाउनु पर्ने, विद्यालयद्वारा आयोजित

अन्तरक्रिया कार्यक्रममा विद्यार्थी र सरोकारवाला अभिभावक अनिवार्य उपस्थित हुनुपर्ने, उचित शुल्क निर्धारण गर्नुपर्ने, विद्यालयको शैक्षिक वातावरण एवम् भौतिक सुविधामा सुधार गर्नुपर्ने, गरिब तथा जेहेनदार थारु विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने जस्ता सुझावहरू उत्तरदाताहरूबाट प्राप्त भएको थियो ।

# विषयसूची

**शीर्षक** **पेज**


बाह्य पृष्ठ i
सिफारिस पत्र ii
स्वीकृति पत्र iii
कृतज्ञताज्ञापन iv
शोधसार v

परिच्छेद एक
परिचय

१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ४
१.३ अध्ययनको औचित्य ५
१.४ अध्ययनका उद्देश्यहरू ५
१.५ अध्ययनको परिसीमा ५
१.६ विशिष्ट शब्दावलीहरूको परिभाषा ६

परिच्छेद दुई
पूर्व साहित्यको समीक्षा

२.१ अध्ययनको शैद्धान्तिक खाका ७
२.२ थारु समुदाय सम्बन्धी साहित्यको पुनरावलोकन ९
२.३ अध्ययनको उपादेयता १४

परिच्छेद तीन
अनुसन्धान विधि

३.१ अनुसन्धानको ढाँचा १५
३.२ अध्ययनको जनसङ्ख्या १६
३.३ नमुना छनोट १६
३.३.१ जिल्ला छनोट १६
३.३.२ अध्ययन क्षेत्रको छनोट १७
३.३.३ उच्च मा.वि.छनोट १७
३.३.४ शिक्षक (प्राध्यापक) छनोट १७
३.३.५ विद्यार्थी छनोट १७
३.३.६ अभिभावक छनोट १७
३.४ तथ्याङ्क सङ्कलनको स्रोत १७

३.४.१ प्राथमिक स्रोत १७

३.४.२ द्वितीय (गौण) स्रोत १८

३.५ तथ्याङ्क सङ्कलनका साधनहरूको निर्माण १८

३.६ साधनहरूको वैधता १८

३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया १८

परिच्छेद चार
तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१ श्री शारदा उ.मा.वि. खनारका थारु विद्यार्थी विवरण १९

४.२ श्री पकली उ.मा.वि. पकलीका थारु विद्यार्थी विवरण २२

४.३ पाथिभरा उ.मा.अङ्ग्रेजी विद्यालयका थारु विद्यार्थी विवरण २५

४.४ सुष्मा तथा गोदावरी उच्च माध्यमिक अङ्ग्रेजी विद्यालयका थारु विद्यार्थी विवरण २८

४.५ श्री जगन्नाथ डेडराज जनता उ.मा.वि.भरौलका थारु विद्यार्थी विवरण ३१

४.६ श्री चन्द्रकमल उच्च माध्यमिक विद्यालय डुम्राहा सुनसरीका थारु विद्यार्थी विवरण ३३

४.७ सरोकारवाला शिक्षक, विद्यार्थी र अभिभावकहरूको प्रतिक्रिया विश्लेषण ३६

४.७.१ सरोकारवाला विद्यार्थीहरूको प्रतिक्रिया विश्लेषण ३६

४.७.२ शिक्षकहरूको प्रतिक्रिया विश्लेषण ३७

४.७.३ अभिभावकहरूको प्रतिक्रिया विश्लेषण ३८

४.८ नमुना छनोटमा परेका विद्यार्थीहरूको समग्र परीक्षाफलको स्थिति ३८

परिच्छेद पाँच

प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्ति ४०

५.२ निष्कर्ष ४२

५.३ सुझावहरू ४३

५.३.१ प्राचार्य एवम् शिक्षकहरूका सुझावहरू ४३

५.३.२ अभिभावकका सुझावहरू ४३

५.३.३ विद्यार्थीका सुझावहरू ४४

सन्दर्भ सामग्रीहरू

परिशिष्टहरू

# तालिकासूची


| तालिका नं. | तालिका शीर्षक | पेज |
|---|---|---|
| 1 | श्री शारदा उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण | 19 |
| 2 | श्री शारदा उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण | 21 |
| 3 | श्री पकली उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण | 22 |
| 4 | श्री पकली उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण | 23 |
| 5 | पाथिभरा उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण | 25 |
| 6 | पाथिभरा उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण | 26 |
| 7 | सुष्मा तथा गोदावरी उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण | 28 |
| 8 | सुष्मा तथा गोदावरी उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण | 29 |
| 9 | ज.डे.ज. उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण | 31 |
| 10 | ज.डे.ज. उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण | 32 |
| 11 | चन्द्रकमल उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण | 34 |
| 12 | ज.डे.ज. उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण | 35 |
| 13 | विद्यार्थी सङ्ख्या तथा परीक्षाफलको प्रतिशत | 39 |

# चित्रसूची


| lrq g+= | चित्र शीर्षक | k]h |
|---|---|---|
| 1 | श्री शारदा उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण | 20 |
| 2 | श्री शारदा उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण | 21 |
| 3 | श्री पकली उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण | 23 |
| 4 | श्री पकली उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण | 24 |
| 5 | पाथिभरा उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण | 26 |
| 6 | पाथिभरा उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण | 27 |
| 7 | सुष्मा तथा गोदावरी उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण | 29 |
| 8 | सुष्मा तथा गोदावरी उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण | 30 |
| 9 | ज.डे.ज. उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण | 32 |
| 10 | ज.डे.ज. उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण | 33 |
| 11 | चन्द्रकमल उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण | 34 |
| 12 | ज.डे.ज. उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण | 36 |
| 13 | विद्यार्थी सङ्ख्या तथा परीक्षाफलको प्रतिशत | 39 |

# परिच्छेद - एक

# परिचय

यस परिच्छेदमा शोधकार्यको परिचय अन्तर्गत शोध अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनका उद्देश्यहरू, अध्ययनका सीमाङ्कन तथा विशिष्ट शब्दावलीहरूको परिभाषालाई यस प्रकार उल्लेख गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

व्यक्तिलाई जन्मदेखि मृत्युसम्मका जटिलताहरूको समाधान गर्दै अघि बढ्न सिकाउने प्रक्रियालाई शिक्षा भनिन्छ । शिक्षा नै मानव जीवनलाई अँध्यारोबाट उज्यालोतर्फ लाग्न निर्देशित एवम् पथ प्रदर्शन गर्ने एक प्रमुख माध्यम भनिन्छ । शिक्षाविना मानवीय जीवन असफल जस्तै हुन्छ । यसले समाजमा व्याप्त अज्ञानता, अन्धविश्वास एवम् कुरीतिहरू हटाएर मानिसहरूलाई चेतना प्रदान गर्दछ । मानिस सभ्य एवम् सुशिक्षित बन्दछन् जसको फलस्वरूप शिक्षित मानिसहरूले पुरानो समयदेखिको गरिबी र आर्थिक पछौटेपनबाट छुटकारा प्राप्त गर्दछन् । मानिस संस्कृति र सभ्यताको विकाससँग शिक्षाको विकास हुँदै वर्तमान समयसम्म आइपुग्दा शिक्षासम्बन्धी विभिन्न अवधारणाहरू प्रयोगमा आइसकेका छन् । वर्तमान समयमा शिक्षालाई समाज विकासको एक अभिन्न अङ्गको रूपमा विकास गर्न प्लेटो, एरिस्टोटल, सिसेरो, कन्फ्युसियस आदि जस्ता प्राचीन विद्वान्हरू साथै अगस्टे कम्ते, टाइतर, रुसो, फ्रोबेल, मन्टेश्वरी, जोन डिवे तथा पाउलो फेरे जस्ता आधुनिक विद्वान्हरूले योगदान गरेका छन् (थापा, २०६२/०६३) ।

शिक्षा व्यक्तित्व विकासको मूल आधार र देश विकासको पूर्वाधार एवम् मेरुदण्ड भएकाले यसको आवश्यकता र महत्त्व सर्वाधिक छ । अहिलेको विश्वको विज्ञान र प्रविधिको विकास एवम् विस्तार गर्ने प्रमुख एवम् सशक्त माध्यम नै शिक्षा हो । यसले व्यक्तिको जीवन र जगत प्रतिको सकारात्मक दृष्टिकोण निर्माण गर्न र व्यवहारिक हुन सघाउने मात्र होइन जीवनोपयोगी सीप, क्षमता, रुचि, दक्षता, आर्थिक हैसियत हासिल गरेर गुणस्तरीय एवम् सार्थक जीवन स्तर कायम गर्न पनि सक्षम बनाउँछ । शिक्षा व्यक्तिको सम्पूर्ण क्षमताहरूको विकासका लागि अपरिहार्य भएकाले यसलाई मानव अधिकारका रूपमा हेर्न थालिएपछि सबैका लागि शिक्षा विश्वव्यापि नारा र चासोको विषय बनेको छ ।

शिक्षालाई देशको वास्तविक पुँजी र लगानीका रूपमा लिन सकिने हुँदा सामाजिक वृद्धि गर्न र नागरिक जीवनमा सुधार ल्याउन राज्यले यसलाई मूल नीतिका रूपमा अघि सार्नुपर्दछ ।

समाजको बहुआवश्यकता र समावेशी चरित्रलाई आत्मसाथ गरी शैक्षिक आवश्यकतालाई सबैको पहुँचमा पुऱ्याउन हालका दिनहरूमा शिक्षामा विविध योजना र कार्यक्रमहरू अगाडि सारिएका छन् । राज्यले विद्यालय शिक्षा र उच्च माध्यमिक शिक्षालाई सर्वशुलभ र गुणस्तरीय एवम् व्यवहारिक बनाउन विशेष जोड दिन थालिएको छ । शिक्षाप्रति जनचासो बढ्नुका साथै राज्यको लगानी पनि क्रमशः बढिरहेको छ । विदालयका प्रधानाध्यापक, शिक्षकहरू लगायत अन्य सरोकारवालाहरू विद्यालयप्रति र उच्च माध्यमिक विद्यालय प्रति उत्तरदायी हुनुका साथै विद्यालय र उच्च मा.वि. हाम्रो हो भन्ने प्रति सकारात्मक भावनाको विकास भएको पाइन्छ (शैक्षिक गतिविधि सुनसरी, २०६५-०६६) ।

नेपालको सन्दर्भमा शिक्षाको क्रमलाई नियाल्दा शिक्षा विकासको क्रम मानव सभ्यता जति नै पुरानो पाइए तापनि औपचारक रूपमा प्राथमिक विद्यालय स्थापनाको श्रेय भने १९०६-१९०७ तिर नेपालका तात्कालिन प्रधानमन्त्री जङ्गबहादुरको बेलायत यात्रा र त्यहाँ शिक्षा क्षेत्रमा भएको विकासबाट प्रेरित भएर वि.सं. २०10 सालमा प्रा.वि.को सुरुवात भएको पाइन्छ । राणा प्रधानमन्त्रीहरू कोही शिक्षाप्रति उदार र कोही कठोर भएका कारण विद्यालयको विकास र विस्तारका लागि अनुकूल समयका लागि २००७ सालसम्म कुर्नुपर्यो । वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पछि नेपालको शिक्षा विकासका विविध सम्भावनाको खोजी कार्य शुरु भयो, जसमा २०११ सालमा ने.रा.शि.आ., २०१८ सालमा सर्वाङ्गीण रा.शि.स., २०५४ मा रा.शि.सल्लाहकार परिषद, २०२८-३२ मा रा.शि.प.यो.ले योजनाबद्ध शिक्षा विकासको प्रयत्न थालनी भयो । नेपालले २०५४ मा भएको थाइल्याण्डको जेन्टल सम्मेलनमा भएका प्रतिबद्धता लागू गर्न सहमति जनायो । यस्ता प्रतिबद्धता र प्रयासका बाबजुद अन्य विकाशोन्मुख देशहरू भन्दा शिक्षा क्षेत्रमा पछाडि नै रहेको छ । देशको जनसङ्ख्याको ठुलो अंश निरक्षरताले ग्रसित छ । प्राथमिक शिक्षाले जरो गाड्न कठिन भइरहेको छ (रा.शि.प.यो.प्रतिवेदन, २०४९) ।

शिक्षाको भूमिका महत्त्वपूर्ण हुन्छ । यसै परिप्रेक्ष्यमा उच्च शिक्षालाई प्रभावकारी बनाउन, भरथेग गर्न र माध्यमिक तहमा आवश्यक सुधारका लागि ध्यानाकर्षण गर्न यी दुई तहका बीचमा रहने प्रभावकारी, व्यवहारिक र विद्यमान सामाजिक र आर्थिक परिस्थिति सापेक्ष मध्यमस्तरीय जनशक्ति तयार गर्नुका साथै उच्च शिक्षाका लागि सक्षम विद्यार्थी तयार गर्न विद्यालय स्तरमा प्रचलित १० कक्षा सम्मको शिक्षाको सङ्गठन स्वरूपमा अरू २ कक्षा थप गरी उच्च माध्यमिक ( १०+२) तहको विद्यालय सङ्गठन अपनाउने सम्बन्धमा विद्यालयको शैषिक संरचनालाई १२ कक्षासम्म बनाउने राष्ट्रिय नीति अनुरूप वि.सं. २०४६ साल कार्तिक ११ गते उच्च माध्यमिक

शिक्षाको व्यवस्था गर्न बनेको ऐन प्रकाशमा आयो । यसै क्रममा २०४६ फागुनमा १३ सदस्यीय उच्च माध्यमिक शिक्षा परिषद तत्कालिन शिक्षा तथा संस्कृति मन्त्रीको अध्यक्षतामा गठन भयो ।

राष्ट्रिय स्तरमा आवश्यक भएको उन्नत, गुणात्मक र विकसित शिक्षा पद्धतिको सिर्जना र कार्यान्वयनको खाँचो परिपूर्ति गर्ने प्रतिबद्धता अनुरूप उच्च माध्यमिक शिक्षा व्यवस्था लागू गरिएको हो ।

कक्षा ११ र १२ को शिक्षालाई उच्च माध्यमिक शिक्षाका रूपमा लिइएको छ । माध्यमिक शिक्षा पद्धतिको दुई वर्षको औपचारिक शिक्षालाई उच्च माध्यमिक शिक्षा भनिन्छ । सामान्यतया १५-१६ वर्ष उमेरका एस.एल.सी.पूरा गरी माथिल्ला तहमा जानेहरू शारीरिक र बौद्धिक रूपले विश्वविद्यालय शिक्षाका निम्ति तयार नहुने हुँदा उनीहरूलाई आफ्नै परिवेशको विद्यालयमा गुणात्मक शिक्षा दिएमा स्तरीय उच्च शिक्षाका लागि तयार गर्न सकिन्छ । यसकारण उच्च माध्यमिक तहको व्यवस्था गरेर यसलाई विशिष्टीकरणको पहिलो चरण बनाएको छ । साधारण, प्राविधिक, बहुप्राविधिक, पेसागत र संस्कृत गरी विशिष्टीकरणका पाँच क्षेत्र बनेका छन् । हालको प्रवीणता प्रमाणपत्र तहलाई उच्च शिक्षा बराबर मानिएको छ । २०५७ सालसम्ममा प्रवीणता प्रमाणपत्र तहलाई विश्वविद्यालयबाट उच्च माध्यमिक शिक्षा परिषद अन्तर्गत ल्याइसकिनेछ भनिए तापनि यो हालसम्म पनि कार्यान्वयनमा आएको छैन ।

उच्च माध्यमिक शिक्षा र माध्यमिक शिक्षा बीचको सेतुका रूपमा रहेको १७-१८ वर्ष उमेरका किशोर किशोरीहरूको शिक्षालाई विद्यालयकै संरचनाभित्र राख्ने अन्तर्राष्ट्रिय प्रचलनलाई समेत अनुसरण गरी विद्यालयीय शिक्षालाई (१०+२) का रूपमा स्वीकार गरिएको छ । यस किसिमको शिक्षाले मध्यम स्तरीय जनशक्ति तयार गर्ने र उच्च शिक्षाका लागि विद्यार्थी तयार गर्ने कार्यमा विशेष महत्त्व राख्दछ । साथै उच्च माध्यमिक शिक्षाले स्थानीय आवश्यकता अनुसारको जनशक्ति विकासमा पनि निकै मद्धत पुऱ्याउने ठानिएको छ । विद्यालय स्तरमा प्रचलित १० कक्षासम्मको शिक्षाको सङ्गठन स्वरूपमा अरू दुई कक्षा थप गरी उच्च माध्यमिक १०+२ तहको विद्यालय सङ्गठन अपनाउने नीतिको फलस्वरूप उच्च मा.वि.शिक्षाको व्यवस्था गर्न उच्च मा.वि.शिक्षा ऐन, २०४६ प्रकाशमा आयो । सोही अनुरूप उच्च माध्यमिक शिक्षा गठन गरियो र यसको कार्यान्वयन चाहिँ २०४९ सालदेखि मात्र शुरु भयो (थापा, २०६२/०६३) ।

शिक्षाका विभिन्न रूपहरूमध्ये यसको औपचारिक स्वरूपलाई विद्यालय पद्धतिको रूपमा लिइन्छ जसअन्तर्गत उच्च माध्यमिक शिक्षा पनि पर्दछ । उच्च मा.वि.शिक्षा भन्नाले उच्च

माध्यमिक विद्यालयको कक्षा ११ र १२ अर्थात् १०+२ मा दिइने शिक्षा बुझिन्छ । यसको प्रमुख उद्देश्य मध्यमस्तरीय मानव संसाधन उत्पादन एवम् उच्च शिक्षा प्रवेशका निम्ति पूर्वाधार तयार गर्नु हो । यी उच्च मा.वि.हरूमा वर्षेनी करीब चार लाखभन्दा बढी विद्यार्थीहरू अध्ययन गर्दछन् । यही स्तरमा नेपालका तराई आदिवासी थारु विद्यार्थीहरू पनि पर्दछन् । यी थारु विद्यार्थीहरूको शैक्षिक अवस्था कस्तो रहेको छ ? शैक्षिक उपलब्धिमा कति प्रगति भइरहेको छ ? शैक्षिक उपलब्धि प्राप्त गर्न बाह्य तत्त्वहरूले त्यस्तै सामाजिक आर्थिक, राजनीतिक र कृषि, सांस्कृतिक, वातावरणीय तत्त्व, शिक्षक तालिम सामग्री, प्रयोगशाला, शैक्षिक व्यवस्थापन, सञ्चार, प्रविधि, परिवारको आकार, अध्ययन समय, आदिले प्रभाव पार्दछन् । नेपालको सन्दर्भमा तराईका २४ जिल्लाका उच्च मा.वि.मा थारु विद्यार्थीहरू अध्ययन गरिरहेका छन् ।

## १.२ समस्याको कथन

नेपालको तराइका २४ जिल्लाहरूमा बसोबास गर्ने थारु जातिहरू यहाँका धर्तीपुत्र आदिवासी समुदाय हुन् । यहाँका उच्च माध्यमिक विद्यालयहरूमा उनीहरूको सहभागिताले विद्यालय सञ्चालन, आर्थिक टेवामा सहयोग पुऱ्याउन महत्त्वपूर्ण मानिन्छ । विद्यालयको शैक्षिक व्यवस्थापन नियमित, प्रभावकारी बनाउनका साथै स्थानीय स्रोत तथा साधनहरूको समुचित प्रयोग र परिचालनमा थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिले पार्ने प्रभावको अध्ययन गरिएको छ ।

तराईका उच्च माध्यमिक विद्यालयहरूमा अध्ययन गरिरहेका थारु विद्यार्थीहरूको शैक्षिक अवस्था कस्तो रहेको छ ? उनीहरूको शैक्षिक उपलब्धिमा सुधार भएको छ वा छैन ? उनीहरूको सिकाइमा प्रभाव पार्ने तत्त्वहरू के कस्ता खालका छन् ? अन्य जातिका विद्यार्थीहरूको तुलनामा थारु विद्यार्थीहरूको सिकाइ उपलब्धि कस्तो रहेको छ ? पत्ता लगाई निराकरणका लागि सुझाव समेत सङ्कलन गर्नुपर्ने आवश्यकता देखिएको हुँदा 'उच्च मा.वि.मा थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने बाह्य तत्त्वहरूको पहिचान' शीर्षक राखी अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

उच्च माध्यमिक विद्यालयमा थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरूको पहिचानले शहरी तथा ग्रामीण क्षेत्रका थारु समुदायको शैक्षिक चेतनामा वृद्धि गर्नुका साथै यसले शैक्षिक नीति निर्माता, योजनाकार, शैक्षिक क्षेत्रका अन्य संघ संस्थाहरूलाई उपयुक्त शैक्षिक नीति निर्माण गर्न र योजना बनाउन पृष्ठपोषण प्रदान गर्नुका साथै उच्च मा.वि.का प्राचार्य, व्यवस्थापन समिति तथा अन्य सरोकारवालाहरूलाई प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि सहयोग पुऱ्याउनेछ

। त्यसैगरी यस अध्ययनसँग सम्बन्धित रहेर अनुसन्धान गर्ने व्यक्तिहरूलाई समेत यस अनुसन्धानले आगामी दिनमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने भएकाले अध्ययनलाई औचित्यपूर्ण मानिनेछ ।

## १.४ अध्ययनका उद्देश्यहरू

यो अध्ययन निम्न उद्देश्यहरूमा आधारित भई सञ्चालन गरिएको छ :

क) अध्ययन क्षेत्रका उच्च मा.वि.मा शिक्षा सङ्कायमा अध्ययनरत थारू विद्यार्थीहरूको शैक्षिक अवस्था पहिचान गर्नु,

ख) अध्ययन क्षेत्रका उच्च मा.वि.मा शिक्षा सङ्कायमा अध्ययनरत थारू विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरूको पहिचान गर्नु ।

## १.५ अध्ययनको परिसीमा

यो अध्ययन निम्न सीमाङ्कनभित्र सञ्चालन गरिएको छ :

क) यो अध्ययन सुनसरी जिल्लामा सीमित रहेको छ ।

ख) स्रोत र साधनका अभावले गर्दा यो अध्ययन थारू बाहुल्यता रहेको एउटा नगरपालिकाको २ वटा संस्थागत र ४ वटा गा.वि.स.का १/१ वटा सामुदायिक उच्च मा.वि.का सम्पूर्ण थारु विद्यार्थीहरूको सिकाइ उपलब्धि अध्ययनमा मात्र सीमित रहेको छ ।

ग) यो अध्ययन उच्च मा.वि.मा शिक्षा शास्त्र सङ्कायमा अध्ययनरत थारू विद्यार्थीहरू, अभिभावक, शिक्षक र प्राध्यापकहरूमा सीमित रहेको छ ।

## १.६ विशिष्ट शब्दावलीहरूको परिभाषा

शैक्षिक अवस्था - नमुना उच्च मा.वि.का थारू विद्यार्थीहरूको भर्ना विवरण, उत्तीर्ण दर, कक्षा दोहोऱ्याउने, बीचैमा कक्षा छाड्ने सङ्ख्या, विषयगत सिकाइ उपलब्धि, औषत उपलब्धिको अवस्था

सिकाइ उपलब्धि - नमुना उच्च मा.वि.का थारू विद्यार्थीहरूले शिक्षण सिकाई क्रियाकलाप पछि हासिल गर्ने पाठ्यक्रमले निर्दिष्ट गरेका शैक्षणिक उद्देश्य

अभिभावक - अध्ययन क्षेत्रका उच्च मा.वि.मा अध्ययनरत थारू विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति

विद्यालय व्यवस्थापन समिति - अध्ययन क्षेत्रको उच्च मा.वि.को सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न शिक्षा ऐन/नियम अनुसार गठित समिति ।

समुदाय - अध्ययनको कुनै पनि निश्चित क्षेत्रमा बसोबास गर्ने सामाजिक समूह जसमा केही मात्रामा 'थारू' को भावना पाइन्छ ।

सार्वजनिक उच्च माध्यमिक विद्यालय - नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त अध्ययन क्षेत्रको विद्यालय ।

संस्थागत उच्च माध्यमिक विद्यालय - नेपाल सरकारबाट अनुदान नपाउने गरी निजी स्रोत र साधनबाट सञ्चालित अनुमति प्राप्त विद्यालय ।

# परिच्छेद - दुई

# पूर्व साहित्यको समीक्षा

## २.१ अध्ययनको सैद्धान्तिक खाका

थारु जातिको उत्पत्ति मानव विकास क्रमसँग भएको हो तथा थारु शब्दको उत्पत्ति पाँचौं-छैटौं शताब्दीमा भएको हो भन्ने तथ्य विभिन्न स्वदेशी, विदेशी विद्वानहरूले विभिन्न समयमा प्रकाशन गरेका लेख, रचना, सङ्ग्रह, पत्रपत्रिका, शिलालेख आदिबाट प्रमाणित भैसकेको छ । विश्वको सबै क्षेत्रमा थारु समुदायको बसोबास भएको नपाइए तापनि भारतका विभिन्न भागहरू : सिन्ध, राजस्थान, विहार, गोरखपुर, चम्पारण, नैनिताल, गोण्डा, बहरैच, खिरी आदि क्षेत्रमा बसोबास गर्दछन् । भारतीय विद्वान्हरू एस.के. श्रीवास्तव, तारानाथ (१५७५), गौरीशङ्कर द्विवेही (१९५७), एन.आर. बनर्जी, जे.एल.शर्मा, सत्यदेव नारायण सिन्हा, चम्पारनका थारु- १९७३, आदिको धारणाबाट थारुहरू मङ्गोल्वाइड हुन् । भारतको जनगणना सन् १९८१ अनुसार, भारतमा ९५,५४२ थारु समुदाय बसोबास गर्दछन् । डि.एन. मजुम्वरले थारु जातिको रगत परीक्षण गरी उनीहरूको रगत समूह 'बी', 'एबी' बढी मात्रामा पाइनुले औलो रोग मलेरिया पचाइसकेको छ । मलेरिया पचाउन कम्तिमा ३,००० वर्ष एउटै हावापानीमा बस्नुपर्दछ । थारुहरूको बसोबास २ लाख वर्षदेखि रहँदै आएको छ (चौधरी, २०६३, पृ.३) ।

### पाउलो फेरेको सिद्धान्त

पाउलो फेरेलाई साक्षरता विकासका लागि नया दर्शन प्रतिपादन गर्ने दार्शनिक र महान् शिक्षाविद्का रूपमा चिनिन्छ । उनले साक्षरता सम्बन्धी REFLECT धारणा प्रतिपादन गरेका छन् । उनको यस धारणा अनुसार सामुहिक कार्य गरी साना-साना काममा विभाजन गर्ने र समस्याका बारेमा जनचेतना जगाउने काम गरिन्छ । फेरेका अनुसार समुदायका सबै तहमा जनचेतना जगाउन सहभागीहरूलाई साक्षर बनाउन प्रेरित गर्ने पाठ्यक्रम विज्ञहरूले पाठ्यक्रमका विषयवस्तुलाई निर्माण गर्नुभन्दा सिकारु आफैँले पाठको छनोट गर्ने र तल्लो तहको (असाक्षरहरूको) विकास भए मात्र सम्पूर्ण मानवको विकास सम्भव हुन्छ भन्ने कुरामा जोड दिएका छन् ।

फेरेले सर्वप्रथम सन् १९५० मा प्रौढ साक्षरता सम्बन्धी धारणा प्रकाशमा ल्याए । उनको चिन्तन तल्ला वर्गका प्रौढलाई शिक्षित बनाउनमा केन्द्रित थियो । साक्षर हुनका लागि सम्पूर्ण समुदाय जुर्मुराउनु पर्ने, उठ्नु पर्ने र सचेत बन्नु पर्ने उनको धारणा थियो । उनको चिन्तन REFLECT को पुर्ण रूप (Regenerating Frerian Literacy through Empowering Community

Technique) हो । फेरेले आफ्नो साक्षरता सम्बन्धी धारणाको व्याख्या उनको प्रसिद्ध पुस्तक "Pedagogy of the Oppressed" मा उल्लेख गरेका छन् । Pedagogy को अर्थ शिक्षण विधि र Opressed को अर्थ अत्याचारमा परेका, सताइएका, पिरोलिएका, थिचिएका, दविएका र अन्यायमा परेका तल्लो वर्ग भन्ने जनाउँछ । अतः दविएका वर्गलाई शिक्षित बनाउन अपनाउने शिक्षण विधिलाई "Pedagogy of the Oppressed" भनिन्छ (शर्मा एन्ड शर्मा, २०६३) ।

फेरेका विचारमा साक्षरता सिकारुको सक्रियतामा हुनुपर्छ । सहभागीहरूको अनुभवका आधारमा सिकाइ क्रियाकलाप सञ्चालन गरिनुपर्छ । मानिसलाई समाजमा आफूलाई कठिनपूर्वक बाँच्न बाध्य बनाउने तत्त्वहरूका बारेमा बोल्ने, विरोध गर्ने संस्कार नै छैन । यस्तो मौनताको संस्कृतिको घेरा तोड्ने बारेमा मानिसको सोचाइ नै छैन । यसको मुख्य कारण निरक्षरताले हो । अतः मानिसलाई सामाजिक, आर्थिक, राजनीतिक रूपबाट भएको अत्याचार, शोषण, उत्पीडन र विरोधाभाषका बारेमा बुझ्ने बनाउनु सचेतीकरण भनिन्छ । सचेतीकरण ल्याउने प्रमुख कारण शिक्षा हो । साक्षरता विकासका दार्शनिक पाउले फेरेले उनको सिद्धान्तमा उल्लेख गरे अनुसार समाजमा रहेका अशिक्षित, शोसित वर्गलाई पाठ्यक्रमविद्ले निर्माण गरेका ज्ञान भन्दा सहभागीता दैनिक जीवनमा उपयोगी सीप उनीहरूलाई आफैँले छनोट गरी सिक्न दिनुपर्छ । सिकाइका लागि सिकारुद्वारा उत्पादित शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्नुपर्ने कुरा उल्लेख छ (भट्टराई र आचार्य, २०६५) ।

गेट्स एन्ड फ्रेन्ड्सका अनुसार ज्ञान, अनुभव, तालिम र अभ्यासद्वारा मौलिक व्यवहारमा आउने स्थायी परिवर्तनलाई सिकाइ भनिन्छ । अनुभव, तालिम एवम् प्रयोगबाट व्यवहारमा परिवर्तन हुनु नै सिकाइ हो ।

स्कीनरका अनुसार “व्यवहारको आर्जनमा प्रगतिको प्रक्रियालाई सिकाइ भनिन्छ ।”

प्रिसेका अनुसार “सिकाइ एक अनुभव हो जसद्वारा कार्यमा परिवर्तन वा समायोजन हुन्छ तथा व्यवहार गरिएको विधि प्राप्त हुन्छ ।”

प्रसिद्ध मनोवैज्ञानिक ग्याने (सन् १९६५) का अनुसार सिकाइ भनेको व्यक्तिका सामर्थ्य वा सक्षमतामा परिवर्तन गर्नु हो । सक्षमतालाई बुद्धि प्रक्रियाका रूपमा नअर्थ्याई क्षमतालाई जति ग्रहण गरिन्छ त्यही अनुरूप सिकाइ उकासिन्छ ।

ग्यानेका अनुसार उत्तेजनाको उपस्थितिबाट सिकाइ नभई त्यसको प्रभावको कारणले हुने गर्दछ । उनले सम्बद्ध प्रत्याबर्द्धनको तुलनामा उपकरणात्मक अभ्यस्ततामा जोड दिएका छन् । सिकाइका उद्देश्यहरू एक अर्कामा फरक हुने हुँदा सिक्ने प्रक्रिया बहुउद्देश्यका आधारमा हुन्छ । सिक्नका लागि उनले बाह्य र भित्री अवस्थाहरूको आवश्यकता पर्दछ । उनले आफ्नो प्रसिद्ध पुस्तक 'द कन्डिसन अफ लर्निङ' मा आठ प्रकारका सिकाइहरू जस्तै साङ्केतिक, उत्तेजना प्रतिक्रिया, शृङ्खलाबद्ध, शाब्दिक, बहुउद्देश्य, धारणा, सिद्धान्त र समस्या समाधान उल्लेख गरेका छन् ।

सुनसरी जिल्लाका ३ नगरपालिका र ४९ गा.वि.स.मध्ये धरान, इटहरी र इनरुवा न. पा.गरी ३ नगरपालिका र ४४ गा.वि.स.मा थारु समुदायहरू बसोबास गर्दछन् (जनगणना, २०५८) । यस जिल्लामा संस्थागत उ.मा.वि. ७८ वटा र सार्वजनिक उ.मा.वि. ३७ वटा रहेका छन् (फ्ल्यास रिपोर्ट, २०६६ - II, २०६७ - I, जि.शि.का. सुनसरी) । सुनसरी जिल्लाका ३ नगरपालिका मध्ये इटहरी न.पा. मा सबैभन्दा बढी थारु (४,५६१ जना) र ४४ गा.वि.स.मध्ये सबैभन्दा बढी एकम्बा गा.वि.स.मा (५,७१३ जना) र सबैभन्दा कम विष्णुपादुका गा.वि.स.मा (५ जना) थारुहरू बसोबास गर्दछन् । ५ गा.वि.स.मा थारुहरूको बसोबास रहेको पाइँदैन । यसरी सुनसरी जिल्लामा ३ न.पा.मा ६,९७९ जना र ४४ गा.वि.स.मा ८०,४५८ जना गरी कूल ८७,४३७ जना थारुहरू बसोबास गर्दछन् । सुनसरी जिल्लामा आ.व.२०६५/०६६ सम्ममा सार्वजनिक विद्यालयहरू, शुद्ध प्रा.वि. २०९, शुद्ध नि.मा.वि. ६३ र शुद्ध मा.वि.७४ वटा रहेकामा ३७ वटा सार्वजनिक उच्च मा.वि. र संस्थागत मा.वि.९५ वटा रहेकामा ७४ वटा उच्च मा.वि. सञ्चालनमा रहेका छन् ।

## २.२ थारु समुदाय सम्बन्धी साहित्यको पुनरावलोकन

थारु जाति नेपालका आदिम मानव हुन् । यी जातिहरू Plaleolithic Period बाट नै नेपालका तराई क्षेत्रमा बसोबास गर्दै आएका हुन् । यसरी थारु जातिको उत्पत्ति मानव विकासको क्रमसँगै भएको हो । थारु शब्दको उत्पत्ति पाँचौं- छौटौं शताब्दीमा नै भएको हो । नेपाल उपत्यकामा मानव शासन तथा बसोबासको इतिहास गोपाल कालीन वंशीबाट नै शुरु भएको मानिन्छ । यी वंशका मानिसहरू काठमाडौं उपत्यकामा शासन गर्दथे । संभवतः यसै बेलादेखि तराईका क्षेत्रहरूमा शाक्य, कोलिय, वृज्जी आदि जातका मानिसहरू बसोबास गर्दथे । यही शाक्य वंश नै थारुहरू हुन् । यो जाति तराई तथा भित्री मधेशमा नै उत्पत्ति भएको हो । थारु जाति तराई तथा भित्री मधेशका प्रतिकुल वातावरणमा तथा असहज परिस्थितिलाई सहज बनाई बसोबास गर्न सफल भएको हो । यसको सही प्रमाण डि.एन बुजम्बरले गरेको रगत परीक्षण समूह 'ए' र समूह 'एबी' बाट मलेरियालाई पचाइसकेकोबाट प्रष्ट हुन्छ । यी जातिहरू तराईका शासक वर्ग, राजा

रजौटाका रूपमा शासन गरिसकेको कुरा नेपालका इतिहासकार तथा विद्वान्हरूले प्रमाणित गरिसकेका छन् । यी जातिहरू मंगोल्वाड मूलका हुन् । यिनीहरूको मूल थलो कपिलवस्तु आसपासका क्षेत्र हुन् । जहाँ सदैव थारुहरूको बाहुल्य भएको स्थान रही आएको छ (थारु जातिको उत्पत्ति, २०६३) ।

थारु विद्वान् तेजनारायण पंजियारका अनुसार- थारु शब्द 'था' र 'रु' मिलेर बनेको छ जसमा थाको अर्थ तराई र रुको अर्थ स्थायी रूपमा बसोबास गर्ने मानिस अर्थात् थारु भनेको तराईमा स्थायी बसोबास गर्ने मूलवासी तथा आदिवासी हो ।

सिंह (१९८८) - "The Real story of the Tharus" अनुसार थारुहरूको उद्गमस्थल नेपालको तराई हो र यिनीहरू शाक्य कोलिय जातिय अवशेष हुन् ।

इतिहासकार डा. लक्ष्मीलाल चौधरी (ज्ञानरश्मी, अङ्क १, २०४६) अनुसार ब्राह्मण र मुसलमानको आक्रमण पछि काठमाडौं उपत्याका प्रवेश गरेका बौद्ध धर्मावलम्बीहरू शाक्य र तराईतिर गएकाहरू थारु कहलिए । बुद्ध धर्मावलम्बीहरू जनै नलगाएझै तराईका थारुहरू जनै लगाउँदैनन्, उपवास र व्रतमा विश्वास गर्दछन् ; जुन संस्कार अहिले पनि कायम रहेको छ ।

चौधरी (थारु संस्कृति, असोज अङ्क- १७, २०६१) अनुसार थारुहरू आर्यपूर्वका मङ्गोलियन समुदाय हुन् । यी समुदायहरू नेपालका आदिवासीहरू हुन् र मानव अवतारी भगवान् गौतम बुद्ध जन्मिनु भएका शाक्य वंशका आधुनिक अवशेष हुन् । यो थारु नाम बुद्ध धर्म थेरवादको पर्याय हो ।

दहित (थारु संस्कृतिको संक्षिप्त परिचय, २०६२) अनुसार शान्तिका अग्रदूत गौतम बुद्धका आधुनिक अवशेष थारुहरू ई.पू.२५०० वर्ष पहिलेदेखि तराईमा बसोबास गरी आएका छन् ।

गुरुङका अनुसार, "The Tharus are probably the oldest and original inhabitant of the Terai."

गुरुङ (२०३८) अनुसार लिच्छवी राजा शिवदेव प्रथमको अभिलेख अनुसार स्थरु द्रङ्ग र पाल्पा जिल्लामा नवलपुरदेखि माथि महाभारत पर्वत शृङ्खला स्थित देउखुरीको कुमारवर्ती माइले आजसम्म पनि काठमाडौं उपत्यका नेपाल पहाडसँग तराईका थारुहरूको सम्बन्ध राखी राखेको छ ।

शाक्य, (२०४८) "मानवताको पुनर्जन्म, भगवान् बुद्ध र थारु समाज" चिरखा मासिक पत्रिका श्रावण अङ्क अनुसार आजभन्दा २५३५ वर्ष अगाडि नेपालको कपिलवस्तु भन्ने थारुहरूको शाक्य गणराज्यले मानवतालाई बचाउन जुन भूमिका खेलेका थिए आज पनि त्यस्तो भूमिकाको उत्तिकै आवश्यकता छ ।

C.V. Furer - Haimendart School of oriental and African studies - 1998, Tharus predominantly mangoloid in their physical make up, the Tharus appear to be distinet from the non mangoloid tribes occuping the middle range of Nepal.

सिल्म्वाँवर लेभी (१९९०), फ्रान्सेली इतिहासकार, “अनाल्ज द भाइसेस ग्रिएट दि नेपाल, एडुकेशन सर्भिस नयाँ दिल्ली, प्रकाशनका अनुसार चम्पारणका थारुहरू हुन्, जुन जातिका साम्राट अशोक जन्मिनु भयो ।

जमर्न पुरातात्विक विद फूहरर (१५६२) ले “एन्टिकविरिज बुद्ध शाक्य मुनिज वर्थ प्लेस इन नेपलीज तराई द मोडर्न डिसेन्डेन्ट्स अफ द शाक्यज” शीर्षकमा गरेको अनुसन्धानमा तराईका “आजका थारुहरू नै शाकयहरूका आधुनिक सन्तान हुन् भन्ने उल्लेख गर्नुभएको छ ।”

नेस्फल्ड (डेस्क्रिपसन अफ द म्यानर्स इन्डस्ट्रोज रिलिजन अफ द थारुज एन्ड बोक्सा ट्राविज अफ अफर इन्डिया) अनुसार, भित्री मधेश र मधेशको उत्तरी भेगमा बस्ने थारु प्राचिन जनजाति हो । मूलतः मङ्गोल भएको यस जातिमा जातिय रक्त मिश्रण (कोल किराँत) भएको कारण यीनको शारीरिक बनोट विशिष्ट खालको छ ।

पार्जिटर (Historical Tradition of India) अनुसार, संसारमा “यदि कोही जाति बुद्धका अवशेषका रूपमा छन् भने ती थारु हुन् ।”

काश्यपा (History of Buddihism) मा “थारुहरूका संस्कार र संस्कृति बुद्ध धर्मका धरोहर हुन् ।”

कुक्स (1870, The Tribes and caste of the North Western India Volume 1-4) का अनुसार, “थारुहरूले गङ्गा यमुनादेखि हिमालयको काखसम्म जग्गा आवाद गरी गुल्जार गरे । थारुहरू सभ्यताका अग्रदुत हुन् ।

होडसन (Access on the Language, Literature and Religion of Nepal and Tibbet) का अनुसार, “थारुहरूको रगत (डि.एन.ए.) परीक्षणका आधारमा औलो निरोधक जात हुन् र यो निरोधक क्षमता प्राप्त गर्नका लागि कम्तिमा ३,००० वर्ष औलोयुक्त क्षेत्रमा बस्नुपर्दछ ।”

सैयद (हाल नेपाल सरकार, पुरातत्त्व विभाग, नेपाल भल्युम - ४०, लिच्छवी आर्ट अफ नेपाल, पेज-५) अनुसार “बुद्धकी आमा मायादेवीको खुट्टाको काँडा तराईकी थारु महिलाले लगाउने काँडा जस्तो थियो ।”

हेनसाङका अनुसार “लुम्बिनीको कपिलवस्तुमा थारु जाति थिए । थारु बुद्धका सन्तान हुन् ।”

वास्तवका अनुसार "थारु जातिमा अष्ट्रोलाइड वा प्राग द्रविडियन लक्षण पाइँदैन । थारु जाति मङ्गोलियन हुन् जुन जाति अमङ्गोलियन जस्ता देखिनमा सफल छन् ।"

द्विवेही (१९५७) का अनुसार, थारुहरू शाक्य वंशीय क्षेत्रीय हुन् । भगवान् बुद्ध यसै वंशमा जन्मिनु भएको थियो । शाक्य वंश निर्मूल भएन । थारुहरू यसै वंशका अवशेष हुन् ।"

सिंह 'मौन' अनुसार स्थवीर शब्दबाट नै थारु शब्द उत्पत्ति भएको हो किनकि थारुहरू शुद्ध उच्चारण 'थारु' को सट्टा थउर वा थौर उच्चारण गर्दछन् ।

सिंहनेधि (स्टडी अफ रेस एण्ड पिपल अफ द वर्ल्ड एन्ड नार्थ इण्डियन ट्राभल्स) का अनुसार "थारु जाति तराईको मलेरियालाई पचाई सकेको छ । यिनीहरूको रगतले थारु जाति प्रतिकूल वातावरण क्षेत्रमा पनि बसोबास गर्न सक्दछन् ।"

सिन्हा (चम्पारनके थारु- १०७३) का अनुसार "थारु शाक्यको एउटा हाँगा हो, थारुहरू, शाक्यहरूसित आफ्नो सम्बन्ध भएको बताई आफ्नो मङ्गोल आकृतिमा जोड दिन्छन् र देवी बुद्ध पत्नी यशोधराप्रति विशेष आदर गर्दछन् साथै उनी (यशोधरा) थरुनी थिइन् ।"

इतिहासकार आचार्य (वि.सं. २०१०, नेपाल सांस्कृतिक परिषद पत्रिका, वर्ष २, अङ्क २) का अनुसार "थारु जातिको मूल घर कहा ?" मा थारुहरू नेपालका आदिवासी हुन् । उनीहरूको उत्पत्ति नेपालमै भएको हो ।

Banergee, N.R. & Sharma, J.L. Neoethic tools from Nepal - Sikkim, Ancient Nepal ix pp. 53 -58) का अनुसार करिव २ लाख वर्ष पहिलेदेखि थारुहरू तराई भू-भागमा बसोबास गरी आएका छन् ।

पि.एच.डी. (1972, Antiquities of Buddha Shakyemunies Worth place in Nepalese Terrain, The Modern Descendents of the Shakyes) का अनुसार "तराईका आजका बासिन्दा थारुहरू नै शाक्यहरूका आधुनिक सन्तान हुन् ।"

सिंह (1988, The Real Stories of Tharus) का अनुसार "थारुहरू मङ्गोल मूलका आर्य पूर्वका हुन् । उनीहरूको मूल उत्पत्ति थलो नेपालको कपिलवस्तु जिल्ला हो र उनीहरू नेपालको पूरै तराई तथा भित्री तराई र भारत उत्तर प्रदेश र बङ्गालका सीमावर्ती जिल्लाहरूमा बसीरहेका छन् । उनीहरू शाक्यहरूका अवशेष हुन् ।"

शर्मा (वि.सं. २०४९, हाम्रो समाज एक अध्ययन) का अनुसार “शाक्यवंशको उत्तराधिकारी आजको थारु समाज हो । यिनै शाक्य वंशीय थारुहरूको कूलमा बुद्ध जस्ता प्रतिभाशाली व्यक्ति उत्पन्न भएकाले थारुहरू आफूलाई कसैभन्दा कम ठान्दैनन् ।”

श्रेष्ठ (वि.सं.२०५७, थारु र शाक्य दुवै गौतम बुद्धका नश्ल, नेपाल समाचार पत्र मंसिर-३०) का अनुसार “गौतम बुद्ध थारु जातिका मंगोलियन तराई क्षेत्रको आदिवासी हुन् र थारु समाजका पर्याय शाक्य जाति पनि हुन् । राजा सम्राट अशोक समेत थारु हुन् ।”

बज्राचार्य (वि.सं. २०३८, लिच्छविकालीन अभिलेख) का अनुसार “थारु जातिको बसोबास लिच्छविकालमा नै भएको सङ्केत लिच्छविकालको एउटा अभिलेखले पनि दिएको छ । चपागाउँको शिवदेव प्रथमको अभिलेखमा स्थरुद्रङ्गको उल्लेख रेहको छ । लिच्छविकालमै थारु जातिको बसोबास ललितपुरको चापागाउँमा भइसकेको अनुमान लगाएका छन् ।”

Dr. Majbmbar  for the first times carried out an anthropometric and blood group survey anomg the tharus which from the subjects of a report by Mahalanabis Majumbar and Dr. Saddon का अनुसार दाङ उपत्यकामा थारुहरू करिब ३ लाख वर्ष पहिलेदेखि बसोबास गर्दै आएका छन् ।

मेचीमहाकाली भाग- ४ पेज नं.२५१ अनुसार दाङमा थारु नव पाषण युगदेखि बस्दै आएका छन् ।

एन.आर. बनर्जी र जे.एल. शर्माले Neolittee tools from Nepal Sikhem, Ancient Nepal p.-53 मा गरिएको अनुसन्धानमा थारुहरू करिब २ लाख वर्ष पहिलेदेखि बसोबास गरी आएका छन् भन्ने उल्लेख गरेका छन् ।

## २.३ अध्ययनको उपादेयता

यस अध्ययनले शैक्षिक नीति निर्माता, शैक्षिक क्षेत्रका सरोकारवाला अन्य संघसंस्थाहरूलाई आवश्यक शैक्षिक नीति निर्माण गर्न, योजनाकारहरूलाई योजना बनाउन, पृष्ठपोषण प्रदान गर्नुका साथै विद्यालयका प्राचार्य, विद्यालय व्यवस्थापन समिति, शिक्षक, सम्पूर्ण सरोकारवालाहरूलाई प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि सहयोग पुऱ्याउनेछ । त्यसैगरी यस अध्ययनसँग सम्बन्धित रहेर अनुसन्धान गर्ने व्यक्तिहरूलाई समेत यस अनुसनधानले आगामी दिनमा महत्त्वपूर्ण सहयोग पुऱ्याउनेछ ।

# परिच्छेद - तीन

## अनुसन्धान विधि

कुनै पनि अध्ययन कार्यलाई बढी प्रभावकारी, दिगोपन र विश्वसनीय बनाउनका निमित्त अध्ययनका निश्चित विधिहरू एवम् वैज्ञानिक प्रक्रियाहरूको उपयोग गर्नुपर्ने हुन्छ । यसो भएको खण्डमा मात्र अध्ययनले ठोस निष्कर्ष दिन सक्छ । यहाँ, परिमाणात्मक र गुणात्मक अनुसन्धान ढाँचाअनुसार यस अध्ययनको कार्यविधि अपनाइएको छ । यस अध्ययनलाई ठोस निष्कर्षमा पुऱ्याउन विभिन्न प्रक्रियाहरूको अवलम्बन गरिएको छ । जुन तल क्रमशः प्रस्तुत गरिएको छ ।

### ३.१ अनुसन्धानको ढाँचा

अध्ययन अनुसन्धान एउटा महत्त्वपूर्ण एवम् जटिल कार्य भएको हुँदा कुनै पनि विषयवस्तु वा समस्याको बारेमा विस्तृत जानकारी दिई निष्कर्षमा पुग्न मद्दत गर्दछ । कुनै कार्य अध्ययन गर्नका लागि निश्चित विधिहरू अवलम्बन गर्नुपर्दछ । उक्त विधिहरूको सहयोगबाट विषयवस्तुको उद्देश्यहरूलाई सम्पन्न गर्नका लागि निश्चित मार्गदर्शन प्रदान गर्न सक्नुपर्दछ । यसरी कुनै पनि अनुसन्धान कार्य सम्पन्न गर्न विषयवस्तुको प्रकृति अनुसारको उद्देश्य प्राप्त हुने गरी आवश्यकता अनुसार विभिन्न तरिकाहरू वा उपायहरूको अवलम्बन गर्नुपर्ने हुन्छ । यो अनुसन्धान कार्य अवलोकन, छलफल, प्रश्नावली, अन्तर्वार्ताका साथमा विभिन्न दस्तावेज र पुस्तकालय अध्ययनको साथमा विद्यार्थी, शिक्षक, अभिभावक, बुद्धिजिवी, प्राचार्यको धारणा, विचार, अनुभवलाई सूचनाका रूपमा लिइनेछ । तसर्थ उच्च मा.वि.तहमा थारु विद्यार्थीहरूको शैक्षिक पक्षसँग सम्बन्धित विषयवस्तु शैक्षिक सामग्रीको पर्याप्तता र प्रयोग, शिक्षण सिकाइ क्रियाकलापका विधिहरू, उच्च मा.वि.कक्षा व्यवस्थापन समेतको अध्ययन नगरी यसको शैक्षिक उपयोगिता तथा प्रभावकारिताको अध्ययन गर्न मुस्किल पर्ने भएकाले उपरोक्त पक्षहरूको के कस्ता व्यवहारिक सुझाव वा सूचनाहरू हुन सक्छन्, सङ्कलन गरी निम्नानुसार विधिहरूको अवलम्बन गरिएको छ ।

सुनसरी जिल्ला अन्तर्गतका थारु बाहुल्य रहेका न.पा. र गा.वि.स.का उच्च मा.वि.मा अध्ययनरत थारू विद्यार्थीहरूको शैक्षिक अवस्था र त्यसलाई प्रभाव पार्ने तत्त्वहरूको अध्ययन वणानात्मक ढाँचामा गरिएको छ । खासगरी यस अध्ययन कार्यलाई अगाडि बढाउँदा अध्ययनकर्ताले नमुना छनोटमा परेका उच्च मा.वि.का कक्षाहरूको शैक्षिक, आर्थिक, सामाजिक, एवम् सांस्कृतिक पक्षहरूको गहिरो अध्ययन गर्न विद्यार्थी, अभिभावक, प्राध्यापक, बुद्धिजिवीहरू समेतको विचारलाई वणानात्मक रूपमा प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा अनुसन्धानकर्ता स्वयम्ले समस्या,

प्रभाव पार्ने तत्त्वहरू, घटनालाई यथास्थिति र प्राकृतिक रूपमा अध्ययन गरिएको छ । सम्भव भएसम्म व्यक्तिका भनाइहरू जस्ताको तस्तै राखिएको छ । यसका साथै लब्धाङ्कपत्रका अभिलेख, अन्य शैक्षिक बुलेटिन र पत्रपत्रिका समेतको अध्ययन गरी परिमाणात्मक र गुणात्मक दुवै विधिबाट नतिजा प्रस्तुत गरिएको छ । तर यो अध्ययन तयार गर्दा शैक्षिक उपलब्धिको लेखाजोखामा परिमाणात्मक विधिलाई बढी जोड दिइएको छ ।

यस अध्ययनको अनुसन्धान ढाँचा निम्न बमोजिम रहेको छ ।

<table>
<tr><th rowspan="2">उद्देश्य</th><th rowspan="2">साधनहरू</th><th colspan="3">प्रतिक्रियादाताहरू</th></tr>
<tr><th>शिक्षक</th><th>विद्यार्थी</th><th>अभिभावक</th></tr>
<tr><td rowspan="3">क) अध्ययन क्षेत्रका उच्च मा. वि.मा थारू विद्यार्थीहरूको शैक्षिक अवस्था पहिचान गर्नु,<br>ख) अध्ययन क्षेत्रका उच्च मा.वि. मा थारू विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरूको पहिचान गर्नु,</td><td>प्रश्नावली</td><td>✓</td><td>✓</td><td>✓</td></tr>
<tr><td>लक्षित समूह छलफल</td><td>✓</td><td>✓</td><td>✓</td></tr>
<tr><td>दस्तावेज अध्ययन</td><td colspan="3">भर्ना फारम, लब्धाङ्क पत्रका अभिलेखहरू, अन्य शैक्षिक बुलेटिनहरू र पत्रपत्रिकाहरू</td></tr>
</table>

### ३.२ अध्ययनको जनसङ्ख्या

प्रस्तुत अध्ययनका लागि सुनसरी जिल्लाका २ संस्थागत र ४ सार्वजनिक उच्च मा.वि. का शिक्षा शास्त्र सङ्कायका कक्षा ११ र १२ का थारु विद्यार्थी र तिनका अभिभावक र प्राध्यापकहरू ( शिक्षकहरू) जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३.३ नमुना छनोट

#### ३.३.१ जिल्ला छनोट

सुविधाजनक नमुना छनोट विधिबाट सुनसरी जिल्ला छनोट गरिएको छ ।

#### ३.३.२ अध्ययन क्षेत्रको छनोट

सुविधाजनक नमुना छनोट विधिबाट ४ वटा गा.वि.स.(खनार, पकली, भरौल, डुम्राहा) र एउटा नगरपालिका (इटहरी) छनोट गरिएको छ ।

### ३.३.३ उच्च मा.वि. छनोट

सुविधाजनक नमुना छनोट विधिबाट प्रत्येक गा.वि.स.बाट १/१ वटा गरी ४ वटा र न.पा.बाट २ वटा, कुल ६ वटा उच्च मा.वि. छनोट गरिएको छ ।

### ३.३.४ शिक्षक (प्राध्यापक) छनोट

नमुना छनोटमा परेका प्रत्येक उच्च मा.वि.बाट ४/४ जना गरी जम्मा २४ जना शिक्षक/प्राध्यापकहरू छनोट गरिएको छ ।

### ३.३.५ विद्यार्थी छनोट

उद्देश्यपूर्ण छनोट विधिबाट नमुना छनोटमा परेका उच्च मा.वि.मा शिक्षा शास्त्र सङ्कायमा अध्ययन सम्पूर्ण थारु विद्यार्थीहरू छनोट गरिएको छ ।

### ३.३.६ अभिभावक छनोट

उद्देश्यपूर्ण विधिबाट नमुना छनोटमा परेका प्रत्येक उच्च मा.वि.का छनोटमा परेका विद्यार्थीका अभिभावकहरू मध्येबाट ४/४  जना गरी जम्मा २४ जना थारु अभिभावकहरू छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कनको स्रोत

प्रस्तुत अध्ययनका लागि निम्न तथ्याङ्कका स्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ :

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ता स्वयम् सम्बन्धित क्षेत्रमा गएर प्रत्यक्ष रूपमा आफू उपस्थित भएर उच्च मा.वि.का शिक्षकहरू, विद्यार्थीहरू र सम्बन्धित अभिभावकहरूबाट प्राथमिक सूचना सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय (गौण) स्रोत

यसमा खास गरी पुस्तक, पत्रपत्रिका, सामाजिक, आर्थिक, राजनीतिक र कृषि सम्बन्धी बुकलेट अध्ययन गरिएको छ र शैक्षिक नतिजा हेर्नका लागि सम्बन्धित उच्च मा.वि.को रेकर्ड फाइलबाट गत वर्षको ११ र १२ को थारु विद्यार्थीहरूको प्राप्ताङ्क लिएर अध्ययन गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलनका साधनहरूको निर्माण

अनुसन्धानमा थप विचार, तथ्याङ्क, प्राप्त गर्न प्रभावकारी अनुसन्धान बनाउन शिक्षकहरू र थारु विद्यार्थीहरूलाई छुट्टाछुट्टै प्रश्नावली तयार गरिएको छ र विद्यार्थी, अभिभावक र शिक्षकसँग समूह छलफल गर्नका लागि लक्षित समूह छलफल निर्देशिकाको निर्माण गरिएको छ ।

### ३.६ साधनहरूको वैधता

तथ्याङ्क सङ्कलन प्रक्रियाका लागि निर्माण गरिएका साधनहरू विश्वसनीय तथा वैधता प्राप्त गर्नका लागि निर्देशिकको सल्लाह र सुझाव अनुसार सुधार तथा परिमार्जन गरी अन्तिम रूप दिएर वैधता निर्धारण गरिएको छ ।

### ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अनुसन्धानमा आवश्यक तथ्याङ्कको सङ्कलनका लागि तयार गरिएको मूल्याङ्कनका साधनहरू सहित सम्बन्धित क्षेत्रमा स्वयम् गई तथ्याङ्क सङ्कलन गरिएको छ । उ.मा.वि.मा अध्ययनरत नमुना छनोटमा परेका थारु विद्यार्थीहरूलाई अनुरोध गरी उद्देश्यहरू बताई प्रश्नावली भर्न लगाइएको छ साथै छलफलमा सहभागी गराइएको छ । छनोटमा परेका थारु विद्यार्थीहरूको घर-घरमा गई अभिभावकहरूलाई छलफल र अध्ययनका उद्देश्यहरू बताई प्रश्नावली भर्न लगाइएको छ । छनोटमा परेका उ.मा.वि.का प्राध्यापकहरूलाई जम्मा गरी उद्देश्योन्मुख छलफल सञ्चालन गर्दै प्रश्नावली भर्न लगाइएको छ । त्यसैगरी उ.मा.वि.मा राखिएको अभिलेख ( दस्तावेजबाट) परीक्षामा संलग्न थारु विद्यार्थीहरूको नामावली, अभिभावकको नामावली र परीक्षा नतिजा सङ्कलन गरिएको छ ।

# परिच्छेद - चार

# तथ्याङ्कको विश्लेषण र व्याख्या

शोधपत्र तयारीका लागि सुनसरी जिल्लाका एक नगरपालिका इटहरी, ४ वटा गा.वि.स. खनार, भरौल, डुम्राहा, पकली उ.मा.वि. शिक्षा शास्त्र सङ्कायमा सम्मिलित थारु विद्यार्थीहरूको शैक्षिक अवस्था, यसमा प्रभाव पार्ने तत्त्वहरूको पहिचान र विषयगत औसत प्राप्ताङ्क तुलनात्मक अध्ययन गर्ने क्रममा उ.मा.वि. मा गई स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्कलाई तालिकीकरण र वृत्तचित्रमा प्रस्तुत गरी तुलना गर्ने कोशिस गरिएको छ ।

## ४.१ श्री शारदा उ.मा.वि. खनारका थारु विद्यार्थी विवरण

शोधपत्र निर्माणका लागि छनोट गरिएका उ.मा.वि.मध्ये श्री शारदा उ.मा.वि. खनार, सुनसरीमा स्थलगत सर्वेक्षण गरी विद्यालयमा उपलब्ध मार्कसिटका आधारमा विद्यार्थी सङ्ख्या, विषयगत प्राप्ताङ्कलाई एकैठाउँमा योग गरी औसत प्राप्ताङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

श्री शारदा उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण


| क्र.सं. | विषयहरू | औसत प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| 1 | अनिवार्य अङ्ग्रेजी | 10 | 7=14 |
| 2 | अनिवार्य नेपाली | 20 | 14=28 |
| 3 | स्वा.+शारीरिक शिक्षा | 37 | 26=43 |
| 4 | जनसङ्ख्या शिक्षा | 39 | 27=86 |
| 5 | शिक्षाको परिचय | 17 | 12=14 |
| 6 | शैक्षिक पेडागोजी | 17 | 12=14 |
| | जम्मा | 140 | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

माथि उल्लेखित तालिका विश्लेषण गर्दा श्री शारदा उ.मा.वि.खनार, सुनसरी कक्षा ११ शिक्षा शास्त्र सङ्कायमा कुल १४ जना थारु विद्यार्थीहरू २०६९ सालको परीक्षामा सम्मिलित भएको पाइन्छ । जसमध्ये २ जना छात्र र १२ जना छात्रा रहेको पाइन्छ । परीक्षामा सबै थारु विद्यार्थी अनुत्तीर्ण रहेको पाइयो । यसरी अध्ययन गर्दा थारु विद्यार्थीहरूको शैक्षिक अवस्था नाजुक रहेको देखिन्छ । यस विषगत औसत प्राप्ताङ्कलाई तल स्तम्भ वृत्तचित्रमा देखाइएको छ :

चित्र नं. १

श्री शारदा उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण




माथि प्रस्तुत गरिएको वृत्तचित्रबाट के प्रष्ट गर्न सकिन्छ भने अनिवार्य अङ्ग्रेजीमा ७.१४ प्रतिशत, अनिवार्य नेपालीमा १४.२८ प्रतिशत, शैक्षणिक मूल्याङ्कन र अभ्यास शिक्षण दुवैमा १२.१४ प्रतिशत तथा स्वास्थ्य र शारीरिक शिक्षामा २६.४३ प्रतिशत र जनसङ्ख्या अध्ययनमा २७.८६ प्रतिशत औसत प्राप्ताङ्क भएको पाइन्छ । यस अध्ययनलाई विश्लेषण गर्दा अनिवार्य दुवै विषय अङ्ग्रेजी र नेपालीमा थारु विद्यार्थीहरू निकै कमजोर देखिन्छन् । स्वास्थ्य र शारीरिक शिक्षा तथा जनसङ्ख्या अध्ययन विषयमा प्रयोगात्मक अङ्क उ.मा.वि.कै आन्तरिक तर्फबाट दिइने हुँदा तुलनात्मक रूपमा केही बढी औसत प्राप्ताङ्क देखिन्छ र बाँकी शैक्षणिक मूल्याङ्कन र अभ्यास शिक्षणमा समान औसत रहेको अङ्क पाइन्छ ।

तालिका नं. २

श्री शारदा उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण


| क.सं. | विषयहरू | औसत प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| 1 | अनिवार्य अङ्ग्रेजी | 10 | 5 |
| 2 | शैक्षिक मूल्याङ्कन | 13 | 6=3 |
| 3 | बाल विकास | 29 | 14=1 |
| 4 | अभ्यास शिक्षण | 42 | 20=5 |
| 5 | जनसङ्ख्या | 46 | 22=4 |
| 6 | स्वा.+शारीरिक शिक्षा | 65 | 31=7 |
| | जम्मा | 205 | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

माथि प्रस्तुत श्री शारदा उ.मा.वि.खनार, सुनसरी कक्षा-१२ को शिक्षा शास्त्र सङ्काय २०६९ को परीक्षामा कुल १३ जना थारु विद्यार्थीहरू सहभागी भएकामा २ जना छात्र र ११ जना छात्राहरू रहेको पाइन्छ । तालिका विश्लेषण गर्दा कुनै विद्यार्थीले उत्तीर्ण गरेको पाइएन । अनिवार्य अङ्ग्रेजी र शैक्षिक मूल्याङ्कन विषयमा कमजोर देखिए तापनि बाँकी विषयहरूमा सुधार रहेको पाइन्छ ।

चित्र नं. २

श्री शारदा उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण




प्रस्तुत वृत्तचित्र अध्ययन गर्दा अनिवार्य अङ्ग्रेजीमा औसत प्राप्ताङ्क ५ प्रतिशत, शैक्षिक मूल्याङ्कन ६.३४ प्रतिशत, बालविकास १४.१४ प्रतिशत, अभ्यास शिक्षण २०.५ प्रतिशत,

जनसङ्ख्या २२.४३ प्रतिशत र स्वास्थ्य तथा शारीरिक शिक्षामा ३१.७ प्रतिशत रहेको पाइन्छ। यसरी वृत्तचित्र विश्लेषण गर्दा प्रतिशतका आधारमा थारु विद्यार्थी अनिवार्य अङ्ग्रेजी र शैक्षिक मूल्याङ्कनमा अति न्यून प्रतिशत ल्याई शैक्षिक अवस्था कमजोर देखिन्छ।

## ४.२ श्री पकली उ.मा.वि. पकलीका थारु विद्यार्थी विवरण

शोधपत्र निर्माणका लागि छनोट गरिएका उ.मा.वि.मध्ये श्री पकली उ.मा.वि. पकली, सुनसरीमा स्थलगत सर्वेक्षण गर्दा विद्यालयको प्रवेश फारम र मार्कलेजरका आधारमा विद्यार्थी सङ्ख्या, विषयगत प्राप्ताङ्कलाई एकैठाउँमा योग गरी औसत प्राप्ताङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३

श्री पकली उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण


| क्र.सं. | विषयहरू | औसत प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| 1 | अनिवार्य अङ्ग्रेजी | 16=9 | 8=63 |
| 2 | अनिवार्य नेपाली | 33=6 | 17=17 |
| 3 | ऐच्छिक नेपाली | 33=66 | 17=20 |
| 4 | ग्रामिण विकास | 41=9 | 21=42 |
| 5 | शिक्षाको परिचय | 16=8 | 8=51 |
| 6 | शैक्षणिक विधि | 16=25 | 5=31 |
| 7 | स्वा.+शारीरिक शिक्षा | 36=54 | 18=68 |
| | जम्मा | 195=65 | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०।

माथि उल्लेखित तालिका नं. ३ अध्ययन गर्दा श्री पकली उ.मा.वि.पकली, सुनसरीको २०६९ को कक्षा ११ शिक्षा शास्त्र सङ्कायमा कुल २४ जना थारु विद्यार्थीहरू परीक्षामा सम्मिलित भएको पाइन्छ जसमा ३ छात्र र २१ छात्राहरू समावेश गरेका छन्। परीक्षामा सबै थारु विद्यार्थी अनुत्तीर्ण रहेको पाइयो। यस तालिकालाई विश्लेषण गर्दा उक्त उ.मा.वि.का सम्पूर्ण थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धि खस्कदो अवस्थामा रहेको पाइन्छ।

चित्र नं. ३

श्री पकली उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण




माथि उल्लेखित वृत्तचित्र अध्ययन गर्दा पकली उ.मा.वि. पकली कक्षा ११ का शिक्षाशास्त्र सङ्कायका थारु विद्यार्थीहरूले अङ्ग्रेजीमा ८.६३ प्रतिशत, नेपालीमा १७.१७ प्रतिशत, ऐच्छिक नेपालीमा १७.२७ प्रतिशत, ग्रामिण विकासमा २१.४२ प्रतिशत, शैक्षणिक मूल्याङ्कनमा ८.५९ प्रतिशत, शिक्षण अभ्यासमा ८.३१ प्रतिशत र स्वास्थ्य तथा शारीरिक शिक्षामा १८.६१ प्रतिशत औसत अङ्क प्राप्त भएको देखिन्छ । यसरी वृत्तचित्र प्रतिशत विश्लेषण गर्दा अङ्ग्रेजी, शैक्षणिक मूल्याङ्कन र शिक्षण अभ्यासमा विद्यार्थीहरू अति कमजोर देखिन्छन् । त्यस्तै बाँकी रहेका विषयहरूमा पनि शैक्षिक अवस्था नाजुक देखिन्छ ।

तालिका नं. ४

श्री पकली उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण

| क.सं. | विषयहरू | औसत प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| 1 | अनिवार्य अङ्ग्रेजी | 23=2 | 9=12 |
| 2 | नेपाली | 43=0 | 16=91 |
| 3 | ग्रामिण विकास | 46=0 | 18=09 |
| 4 | शैक्षणिक मूल्याङ्कन | 15=0 | 5=9 |
| 5 | बाल विकास | 29=2 | 11=49 |
| 6 | स्वा.+शारीरिक शिक्षा | 60=4 | 23=76 |
| 7 | प्राक्टिकम | 37=4 | 14=71 |

| | | | |
|---|---|---|---|
| | जम्मा | 254=2 | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

माथि उल्लेखित तालिका नं. ४ अध्ययन गर्दा श्री पकली उ.मा.वि. पकली २०६९ सालमा लिइएको कक्षा १२ को वार्षिक परीक्षामा कुल १८ जना विद्यार्थीहरू मध्ये २ जना छात्र र १६ जना छात्राहरू सम्मिलित रहेका छन् । तालिका विश्लेषण गर्दा छात्रतर्फ सबैजना परीक्षामा अनुत्तीर्ण र छात्रातर्फ १ जना उत्तीर्ण र १५ जना अनुत्तीर्ण रहेको पाइन्छ । यसरी विश्लेषण गर्दा कुल १८ जना थारु विद्यार्थीहरू मध्ये १ जना मात्र उत्तीर्ण गर्नुमा त्यस उ.मा.वि.का थारु विद्यार्थीहरूको शैक्षिक अवस्था निकै खस्कदो देखिन्छ ।

चित्र नं. ४

श्री पकली उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण




माथि प्रस्तुत गरिएको वृत्तचित्र अध्ययन गर्दा श्री पकली उ.मा.वि. पकली कक्षा १२ का शिक्षा शास्त्र सङ्कायमा अध्ययन गरेका थारु विद्यार्थीहरूले अनिवार्य अङ्ग्रेजीमा औसत प्राप्ताङ्क ९.१२ प्रतिशत, नेपालीमा १६.९१ प्रतिशत, ग्रामिण विकासमा १८.०९ प्रतिशत, शैक्षणिक मूल्याङ्कनमा ५.९ प्रतिशत, बालविकास ११.४९ प्रतिशत, स्वास्थ्य तथा शारीरिक शिक्षामा २३.७६ प्रतिशत र अभ्यास शिक्षणमा १४.७१ प्रतिशत रहेको पाइन्छ । यसरी वृत्तचित्र विश्लेषण गर्दा शैक्षणिक मूल्याङ्कनमा सबैभन्दा कम औसत अङ्क प्रतिशत, त्यस्तै अ. अङ्ग्रेजी र बालविकास लगायत अन्य विषयहरूमा पनि चित्त बुझ्दो औसत अङ्क प्रतिशत नदेखिएको हुँदा थारु विद्यार्थीहरूको शैक्षिक अवस्था नाजुक देखिन्छ ।

### ४.३ पाथिभरा उच्च माध्यमिक अङ्ग्रेजी विद्यालयका थारु विद्यार्थी विवरण

शोधपत्र तयारीका लागि छनोट गरिएका संस्थागत विद्यालयहरूमध्ये पाथिभरा उ.मा.अङ्ग्रेजी विद्यालयमा स्थलगत सवेक्षण गर्ने क्रममा त्यहाँका विद्यार्थी भर्ना, रजिष्टर, परीक्षा फारम र मार्क लेजरबाट आवश्यक तथ्याङ्क लिँदै कक्षा ११ र १२ का विषयगत औसत प्राप्ताङ्कलाई एकैठाउँमा योग गरी तलको तालिका, स्तम्भचित्र र वृत्तचित्रमा क्रमशः प्रस्तुत गरिएको छ :

तालिका नं. ५

पाथिभरा उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण


| क.सं. | विषयहरू | औसत प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| 1 | अनिवार्य अङ्ग्रेजी | ३९.३३ | १४.९६ |
| 2 | अनिवार्य नेपाली | ५२.०० | १९.७९ |
| 3 | शिक्षाको परिचय | २६.६७ | १०.१५ |
| 4 | शिक्षण अभ्यास | २७.१७ | १०.३४ |
| 5 | स्वा.+शारीरिक शिक्षा | ५४.३३ | २०.६७ |
| 6 | ऐच्छिक अङ्ग्रेजी | ४२.२५ | १६.०९ |
| 7 | ऐच्छिक नेपाली | २१.०० | ७.९९ |
| | जम्मा | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

प्रस्तुत तालिका नं. ५ अध्ययन गर्दा श्री पाथिभरा उ.मा. अङ्ग्रेजी विद्यालय कक्षा ११ शिक्षा शास्त्र सङ्कायबाट उच्च माध्यमिक शिक्षा परिषद्बाट लिएको परीक्षामा कुल ७ जना  थारु विद्यार्थीहरू सम्मिलित भएको पाइयो जसमध्ये छात्र २ जना र छात्रातर्फ ४ जना रहेको पाइयो । दुवैजना छात्रहरू परीक्षामा उत्तीर्ण भएका र ४ छात्राहरूमध्ये ३ जना उत्तीर्ण र १ जना अनुत्तीर्ण भएको पाइयो । कुल ७ जना मध्ये ५ जना उत्तीर्ण र १ जना अनुत्तीर्ण भएको पाइयो । कुल ८३.३३ प्रतिशत थारुहरू सफल भएकोबाट प्रष्ट हुन्छ कि संस्थागत विद्यालयमा अध्ययन गर्ने उक्त विद्यार्थीहरूको शैक्षिक अवस्थामा सुधार भएको पाइन्छ ।

चित्र नं. ५

पाथिभरा उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण




माथि उल्लेखित वृत्तचित्र अध्ययन गर्दा पाथिभरा उ.मा.वि.मा कक्षा ११ का ७ जना शिक्षाशास्त्र सङ्कायका थारु विद्यार्थीहरूले अङ्ग्रेजीमा १४.५६ प्रतिशत, नेपालीमा १९.७९ प्रतिशत, शैक्षणिक मूल्याङ्कनमा १०.१५ प्रतिशत, स्वास्थ्य तथा शारीरिक शिक्षामा २०.६७ प्रतिशत, प्राक्टिकममा १०.३४ प्रतिशत, ऐ. अङ्ग्रेजीमा १६.०९ प्रतिशत र ऐच्छिक नेपालीमा ७.९९ प्रतिशत औसत अङ्क प्राप्त गरेको पाइन्छ । यसरी वृत्तचित्र प्रतिशत विश्लेषण गर्दा ऐच्छिक नेपाली बाहेक शैक्षणिक मूल्याङ्कन र प्राक्टिकममा तथा अन्य बाँकी विषयहरूमा समान स्तरको औसत प्रतिशत देखिन्छ । एउटा विषयमा कमजोर देखिए तापनि अन्य विषयहरूलाई आधार लिँदा थारु विद्यार्थीहरूको शैक्षिक अवस्थामा केही प्रगति भएको देखिन्छ ।

तालिका नं. ६

पाथिभरा उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण

| क.सं. | विषयहरू | औसत प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| 1 | अनिवार्य अङ्ग्रेजी | ४२.४० | १२.५७ |
| 2 | ऐच्छिक अङ्ग्रेजी | ४२.७५ | १२.६७ |
| 3 | स्वा.+शारीरिक शिक्षा | ७४.६० | २२.१२ |
| 4 | बाल विकास | ४६.०० | १३.६४ |
| 5 | शैक्षणिक मूल्याङ्कन | २३.०० | ६.८२ |
| 6 | अभ्यास शिक्षण | ४८.४० | १४.३५ |
| 7 | ऐच्छिक नेपाली | ६०.०० | १७.७९ |
| | जम्मा | ३३७.१५ | |


स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

प्रस्तुत तालिका नं. ६ अध्ययन गर्दा पाथिभरा उच्च माध्यमिक अङ्ग्रेजी विद्यालय कक्षा १२ शिक्षा शास्त्र सङ्कायको २०६९ सालमा लिइएको वार्षिक परीक्षामा कुल ५ जना थारु विद्यार्थीहरू मध्ये २ जना छात्र र ३ जना छात्राहरू सम्मिलित रहेका छन् । छात्राहरू १ जना उत्तीर्ण र १ जना अनुत्तीर्ण र सबैजना छात्राहरू उत्तीर्ण भएको पाइन्छ । कुल ५ जना मध्ये ४ जना उत्तीर्ण भएको अर्थात् ८० प्रतिशत थारु विद्यार्थीहरू परीक्षामा सफल भएको र छात्र भन्दा छात्राहरूको शैक्षिक अवस्था राम्रो देखिन्छ ।

यसरी तालिका विश्लेषण गर्दा परीक्षामा समावेश भएका थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा उल्लेखनीय सुधार देखिन्छ ।

चित्र नं. ६

पाथिभरा उ.मा.अङ्ग्रेजी विद्यालय कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण




माथि प्रस्तुत गरिएको वृत्तचित्र अध्ययन गर्दा पाथिभरा उच्च माध्यमिक अङ्ग्रेजी विद्यालय कक्षा १२ का शिक्षा शास्त्र सङ्कायमा अध्ययन गरेका थारु विद्यार्थीहरूले अनिवार्य अङ्ग्रेजीमा औसत प्राप्ताङ्क १२.५७ प्रतिशत, ऐच्छिक अङ्ग्रेजीमा १२.६७ प्रतिशत, स्वास्थ्य तथा शारीरिक शिक्षामा २२.१२ प्रतिशत, बालविकासमा १३.६४ प्रतिशत, शैक्षणिक मूल्याङ्कनमा ६.८२ प्रतिशत, प्राक्टिकममा १४.३५ प्रतिशत र ऐच्छिक नेपालीमा १७.७१ प्रतिशत अङ्क प्राप्त गरेको पाइन्छ ।

यसरी वृत्तचित्र विश्लेषण गर्दा सबै विषयहरूको औसत अङ्कको औसत प्राप्ताङ्क १४.२८ भन्दा बढी प्रतिशत स्वास्थ्य तथा शारीरिक शिक्षा, प्राक्टिकम र ऐच्छिक नेपालीमा र सो भन्दा कम अनिवार्य अङ्ग्रेजी, ऐच्छिक अङ्ग्रेजी, बालविकास र शैक्षणिक मूल्याङ्कनमा देखिन्छ ।

## ४.४ सुष्मा तथा गोदावरी उच्च माध्यमिक अङ्ग्रेजी विद्यालयका थारु विद्यार्थी विवरण

शोधपत्र निर्माणका लागि नमुना छनोटमा परेका संस्थागत उच्च मा.वि.को स्थलगत सर्वेक्षण गर्ने क्रममा उक्त विद्यालयमा गई प्रवेश फारम, परीक्षा लब्धाङ्क पत्रको फोटोकपी लिई कक्षा ११ र १२ का थारु विद्यार्थीहरूको विषयगत प्राप्ताङ्कलाई एकै ठाउँमा योग गरी तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ७

सुष्मा तथा गोदावरी उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण


| क्र.सं. | विषयहरू | औसत प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| 1 | अनिवार्य अङ्ग्रेजी | २०.५७ | १०.६९ |
| 2 | अनिवार्य नेपाली | ५१.४ | २६.७२ |
| 3 | शिक्षाको परिचय | १७.५७ | ९.१३ |
| 4 | जनसङ्ख्या अध्ययन | २५.४ | १३.२० |
| 5 | स्वा.+शारीरिक शिक्षा | ४५.८५ | २३.८४ |
| 6 | ऐच्छिक नेपाली | ३१.५७ | १६.४१ |
| | जम्मा | १९२.३६ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

माथि उल्लेखित तालिका नं. ७ अध्ययन गर्दा श्री सुष्मा तथा गोदावरी उ.मा. अङ्ग्रेजी विद्यालय कक्षा ११ शिक्षा शास्त्र सङ्काय उच्च माध्यमिक शिक्षा परिषद्बाट लिएको परीक्षामा जम्मा ७ जना  थारु विद्यार्थीहरू सम्मिलित भएको पाइन्छ जसमध्ये छात्रतर्फ २ जना र छात्रातर्फ ५ जना रहेको पाइयो । छात्रतर्फ १/१ जना उत्तीर्ण र अनुत्तीर्ण तथा छात्रातर्फ १ जना उत्तीर्ण र ४ जना अनुत्तीर्ण भएको पाइन्छ । तालिका विश्लेषण गर्दा ७ जना मध्ये २ जना मात्र उत्तीर्ण अर्थात् ४० प्रतिशत मात्र सफल भएको देखिन्छ । यसर्थ संस्थागत उच्च मा.वि.मा अध्ययनरत थारु विद्यार्थीहरूको शैक्षिक अवस्था सन्तोषजनक भएको पाइदैन ।

चित्र नं. ७

सुष्मा तथा गोदावरी उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण




माथि प्रस्तुत गरिएको वृत्तचित्र अध्ययन गर्दा सुष्मा तथा गोदावरी उच्च माध्यमिक अङ्ग्रेजी विद्यालय कक्षा ११ का ७ जना शिक्षाशास्त्र सङ्कायका थारु विद्यार्थीहरूले अङ्ग्रेजीको औसत प्राप्ताङ्क ११.६९ प्रतिशत, नेपालीमा २६.७२ प्रतिशत, शैक्षिक परिचयमा ९.१३ प्रतिशत, शैक्षिक मूल्याङ्कनमा १३.२० प्रतिशत, स्वास्थ्य तथा शारीरिक शिक्षामा २३.८४ प्रतिशत र ऐच्छिक नेपालीमा १६.४१ प्रतिशत औसत अङ्क प्राप्त गरेको पाइन्छ। प्रतिशतको आधारमा विश्लेषण गर्दा सबै विषयहरूको औसत प्रतिशत १६.६६ भन्दा माथि नेपाली र स्वास्थ्य तथा शारीरिक शिक्षामा मात्र देखिन्छ भने बाँकी सबै विषयहरूमा तल औसत प्रतिशत देखिन्छ।

तालिका नं. ८

सुष्मा तथा गोदावरी उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण


| क्र.सं. | विषयहरू | औसत प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| 1 | अङ्ग्रेजी | ४०.२५ | १२.५२ |
| 2 | ऐच्छिक गणित | ६१.०० | १८.९७ |
| 3 | नेपाली | ३५.२५ | १०.९६ |
| 4 | बाल विकास | ४५.०० | १३.९९ |
| 5 | शैक्षणिक मूल्याङ्कन | २८.२५ | ८.८ |
| 6 | प्राक्टिकम | ४६.७५ | १४.५४ |
| 7 | जनसङ्ख्या अध्ययन | ६५.०० | २०.२२ |
| | जम्मा | ३२१.५ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

प्रस्तुत तालिका नं. ८ अध्ययन गर्दा सुष्मा तथा गोदावरी उच्च माध्यमिक अङ्ग्रेजी विद्यालय कक्षा १२ शिक्षा शास्त्र सङ्कायको २०६९ सालमा लिइएको वार्षिक परीक्षामा कुल ४ जना थारु विद्यार्थीहरू सम्मिलित भएको पाइन्छ जसमा छात्रतर्फ २ जना सबै उत्तीर्ण र छात्रातर्फ २ जना सबै अनुत्तीर्ण भएको पाइन्छ । तलिका विश्लेषण गर्दा औसत अङ्कलाई हेर्दा अनिवार्य नेपाली विषयमा थारु विद्यार्थीहरू कमजोर भएको पाइन्छ तथापि औसत अङ्कमा उत्तीर्ण देखिन्छ । अन्य विषयहरूको औसत अङ्क हेर्दा शैक्षिक अवस्थामा सुधार भएको पाइन्छ ।

चित्र नं. ८

सुष्मा तथा गोदावरी उ.मा.अङ्ग्रेजी विद्यालय कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण




प्रस्तुत वृत्तचित्र अध्ययन गर्दा सुष्मा तथा गोदावरी उच्च माध्यमिक अङ्ग्रेजी विद्यालय कक्षा १२ का शिक्षा शास्त्र सङ्कायमा अध्ययन गरेका थारु विद्यार्थीहरूले अङ्ग्रेजीमा औसत प्राप्ताङ्क १२.५२ प्रतिशत, ऐच्छिक गणितमा १८.९७ प्रतिशत, नेपालीमा १०.९६ प्रतिशत, बालविकासमा १३.९९ प्रतिशत, शैक्षिक मूल्याङ्कनमा ८.८ प्रतिशत, प्राक्टिकममा १४.५४ प्रतिशत र जनसङ्ख्या अध्ययनमा २०.२२ प्रतिशत प्राप्त भएको पाइन्छ । सबै विषयहरूको औसत प्राप्ताङ्क प्रतिशत १४.२८ भन्दा उच्च अङ्क ऐच्छिक गणित, प्राक्टिकम र जनसङ्ख्या अध्ययनमा पाइन्छ भने बाँकी विषयहरूमा न्यून प्राप्ताङ्क प्राप्त भएको पाइन्छ ।

**४.५ श्री जगन्नाथ डेडराज जनता उच्च माध्यमिक विद्यालय भरौलका थारु विद्यार्थी विवरण**

शोधपत्र तयारीका लागि नमुना छनोटमा परेका थारु बाहुल्य सामुदायिक उच्च मा.वि.को स्थलगत सर्वेक्षण गर्ने क्रममा उक्त विद्यालयमा गई प्रवेश फारम, हाजिरी खाता, परीक्षा लब्धाङ्क पत्रको फोटोकपी लिई कक्षा ११ र १२ का शिक्षा शास्त्र सङ्कायका थारु विद्यार्थीहरूको विषयगत प्राप्ताङ्कलाई एकै ठाउँमा योग गरी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ९

ज.डे.ज. उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण


| क्र.सं. | विषयहरू | औसत प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| 1 | अनिवार्य अङ्ग्रेजी | ११.५ | ७.३६ |
| 2 | अनिवार्य नेपाली | ३१.० | १९.८४ |
| 3 | शिक्षाको परिचय | १८.२ | ११.६५ |
| 4 | शिक्षण विधि | १७.५ | ११.२० |
| 5 | स्वा.+शारीरिक शिक्षा | ३८.० | २४.३३ |
| 6 | जनसङ्ख्या अध्ययन | ४०.० | २५.६१ |
| | जम्मा | १५६.२ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

माथि उल्लेखित तालिका नं. ९ अध्ययन गर्दा श्री जगन्नाथ डेडराज जनता उच्च माध्यमिक विद्यालय भरौलका शिक्षा शास्त्र सङ्काय कक्षा ११ को वार्षिक परीक्षामा कुल १२ जना थारु विद्यार्थीहरू सम्मिलित भएको पाइन्छ जसमा छात्रतर्फ ४ जना र छात्रातर्फ ८ जना छन् । कुल ४ छात्रमध्ये १ जना उत्तीर्ण र ३ जना अनुत्तीर्ण त्यस्तै छात्रातर्फ कुल ८ जनामा २ जना उत्तीर्ण र ६ जना अनुत्तीर्ण रहेको पाइन्छ । तालिकाको औसत प्राप्ताङ्क विश्लेषण गर्दा अनिवार्य अङ्ग्रेजी विषयमा थारु विद्यार्थीहरू निकै कमजोर देखिन्छ । त्यस्तै नेपाली विषयमा पनि औसत प्राप्ताङ्क अनुत्तीर्ण देखिन्छ । अन्य विषयहरूमा पनि औसत प्राप्ताङ्क उच्च नदेखिएकाले शैक्षिक उपलब्धि सन्तोषजनक हुनका लागि शैक्षिक अवस्थामा जोड दिनुपर्ने देखिन्छ ।

चित्र नं. ९

ज.डे.ज. उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण




माथि उल्लेखित वृत्तचित्र अध्ययन गर्दा अनिवार्य अङ्ग्रेजीमा ७.३६ प्रतिशत, नेपालीमा १९.८४ प्रतिशत, शैक्षिक परिचयमा ११.६५ प्रतिशत, पेडागोजीमा ११.२० प्रतिशत, स्वास्थ्य तथा शारीरिक शिक्षामा २४.३३ प्रतिशत र जनसङ्ख्या अध्ययनमा २६.६१ प्रतिशत प्राप्त गरेको पाइन्छ । ६ वटै विषयहरूको औसत अङ्कको औसत प्राप्ताङ्क १६.६६ भन्दा बढी प्राप्ताङ्क नेपाली, स्वास्थ्य तथा शारीरिक शिक्षा र जनसङ्ख्या अध्ययनमा र बाँकी विषयहरूमा न्यून अङ्क प्राप्त गरेको देखिन्छ ।

तालिका नं. १०

ज.डे.ज. उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण


| क्र.सं. | विषयहरू | औसत प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| 1 | अङ्ग्रेजी | २९.० | ११.६१ |
| 2 | शैक्षणिक मूल्याङ्कन | ३०.५ | १२.४२ |
| 3 | प्राक्टिकम | ४१.० | १६.७ |
| 4 | बाल विकास | २९.० | ११.८ |
| 5 | स्वास्थ्य तथा शारीरिक शिक्षा | ६०.० | २४.४४ |
| 6 | जनसङ्ख्या अध्ययन | ५६.० | २२.८१ |
| | जम्मा | २४५.५ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

माथि उल्लेखित तालिका नं. १० अध्ययन गर्दा श्री ज.डे.ज.उ.मा.वि.भरौल शिक्षा शास्त्र सङ्काय कक्षा १२ को वार्षिक परीक्षामा कुल ७ जना थारु विद्यार्थीहरू सम्मिलित भएको पाइन्छ जसमा २ जना छात्र र ५ जना छात्रा रहेको पाइन्छ । २ जना छात्रमध्ये १ जना उत्तीर्ण र १ जना अनुत्तीर्ण र छात्रातर्फ १ उत्तीर्ण र ४ जना अनुत्तीर्ण रहेको पाइन्छ । तालिका विश्लेषण गर्दा विषयगत औसत अङ्क हेर्दा अङ्ग्रेजीमा थारु विद्यार्थीहरू कमजोर देखिन्छन् ।

चित्र नं. १०

ज.डे.ज.उ.मा.वि.भरौल कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण




प्रस्तुत वृत्तचित्र अध्ययन गर्दा अनिवार्य अङ्ग्रेजीमा प्राप्त गरेको औसत अङ्क प्रतिशत ११.६१, शैक्षणिक मूल्याङ्कनमा १२.४२ प्रतिशत, प्राक्टिकममा १६.७० प्रतिशत, बालविकासमा ११.८१ प्रतिशत, स्वास्थ्य तथा शारीरिक शिक्षामा २४.४४ प्रतिशत र जनसङ्ख्या अध्ययनमा २२.८१ प्रतिशत देखिन्छ । वृत्तचित्र अध्ययन गर्दा अङ्ग्रेजीमा थारु विद्यार्थीहरूको औसत प्रतिशत उपलब्धि निकै कमजोर देखिन्छ । प्राक्टिकम, स्वास्थ्य तथा शारीरिक शिक्षा र जनसङ्ख्या अध्ययन बाहेक सबै विषयमा सबै विषयहरूको औसत प्रतिशत १६.६६ प्रतिशत भन्दा न्यून अङ्क प्रतिशत प्राप्त भएको देखिन्छ ।

### ४.६ श्री चन्द्रकमल उच्च माध्यमिक विद्यालय डुम्राहा सुनसरीका थारु विद्यार्थी विवरण

शोधपत्र तयारीका लागि नमुना छनोटमा परेका श्री चन्द्रकमल उच्च माध्यमिक विद्यालय डुम्राहा शिक्षा शास्त्र सङ्काय कक्षा ११ र १२ को वार्षिक परीक्षामा सम्मिलित थारु छात्र र छात्राहरूको विवरण सङ्कलन गर्ने क्रममा उक्त विद्यालयमा गई भर्ना फारम, हाजिरी रेकर्ड, मार्क लेजर र मार्कसिट (लब्धाङ्क पत्र) अध्ययन गरी विषयगत औसत प्राप्ताङ्कलाई एकै ठाउँमा योग गरी तलको तालिकामा प्रस्तुत गरिएको छ ।


तालिका नं. ११
श्री चन्द्रकमल उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण

| क्र.सं. | विषयहरू | औसत प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| 1 | अङ्ग्रेजी | १९.६ | १०.६५ |
| 2 | नेपाली | २६.३ | १४.३० |
| 3 | ऐ. नेपाली | ३२.० | १७.४० |
| 4 | शिक्षाको परिचय | २६ | १४.१४ |
| 5 | पेडागोजी | २७ | १४.६८ |
| 6 | स्वा.+शारीरिक शिक्षा | ५३ | २८.८२ |
| | जम्मा | १८३.९ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

माथि उल्लेखित तालिका नं. ११ अध्ययन गर्दा श्री चन्द्रकमल उच्च माध्यमिक विद्यालय डुम्राहाका शिक्षा शास्त्र सङ्काय कक्षा ११ को वार्षिक परीक्षामा कुल १६ जना थारु विद्यार्थीहरू सम्मिलित भएको पाइन्छ जसमा छात्रतर्फ ५ जना र छात्रातर्फ ११ जना छन् । छात्रतर्फ ५ जना नै परीक्षामा अनुत्तीर्ण र छात्रातर्फ १ जना उत्तीर्ण र १० जना अनुत्तीर्ण भएको पाइन्छ । विषयगत औसत प्राप्ताङ्क विश्लेषण गर्दा अनिवार्य अङ्ग्रेजी, नेपाली र ऐच्छिक नेपालीमा थारु विद्यार्थीहरू कमजोर रहेको देखिन्छ । साथै परीक्षा नतिजाबाट पनि प्रष्ट हुन्छ कि १६ जना मध्ये १ जना छात्रा (६.२५ प्रतिशत) मात्र उत्तीर्ण हुनु भनेको थारु विद्यार्थीहरूको शैक्षिक अवस्था निकै नाजुक भएको देखिन्छ ।

चित्र नं. ११
श्री चन्द्रकमल उ.मा.वि.को कक्षा ११ को विषयगत औसत प्राप्ताङ्क विवरण



प्रस्तुत वृत्तचित्र अध्ययन गर्दा कक्षा-११ शिक्षाशास्त्र सङ्कायका थारु विद्यार्थीहरूले अनिवार्य अङ्ग्रेजीमा १०.६५ प्रतिशत, नेपालीमा १४.३० प्रतिशत, ऐ. नेपालीमा १७.४ प्रतिशत, शिक्षाको परिचयमा १४.१४ प्रतिशत, पेडागोजीमा १४.६८ प्रतिशत र स्वास्थ्य तथा शारीरिक शिक्षामा २८.८२ प्रतिशत औसत अङ्क प्रतिशत प्राप्त गरेको पाइन्छ । प्रतिशतका आधारमा वृत्तचित्र विश्लेषण गर्दा अनिवार्य अङ्ग्रेजीमा अति न्यून औसत प्रतिशत प्राप्त गरेको देखिन्छ । सबै विषयहरूमा औसत प्राप्ताङ्क प्रतिशत १६.६६ भन्दा उच्च ऐ. नेपाली र स्वास्थ्य तथा शारीरिक शिक्षामा देखिन्छ ।

तालिका नं. १२

श्री चन्द्रकमल उ.मा.वि.को कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण

| क्र.सं. | विषयहरू | औसत प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| 1 | अङ्ग्रेजी | १८.५ | १०.१२ |
| 2 | शैक्षणिक मूल्याङ्कन | ३३.० | १८.०५ |
| 3 | प्राक्टिकम | २१.० | ११.४९ |
| 4 | बाल विकास | २१.० | ११.४९ |
| 5 | स्वास्थ्य तथा शारीरिक शिक्षा | ३१.० | १६.९६ |
| 6 | जनसङ्ख्या अध्ययन | ५८.३ | ३१.८९ |
| | जम्मा | १८२.८ | |


स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

माथि उल्लेखित तालिका नं. १२ अध्ययन गर्दा श्री चन्द्रकमल उ.मा.वि. डुम्राहा, सुनसरीको शिक्षा शास्त्र सङ्काय कक्षा १२ को वार्षिक परीक्षामा कुल १२ जना थारु विद्यार्थीहरू सम्मिलित भएको पाइन्छ जसमा ३ जना छात्र र ९ जना छात्रा रहेको पाइन्छ । छात्रतर्फ सबै विद्यार्थीहरू अनुत्तीर्ण र छात्रातर्फ १ जना उत्तीर्ण ८ जना अनुत्तीर्ण भएको पाइन्छ । तालिका विश्लेषण गर्दा १२ जना विद्यार्थीहरूमा १ जना मात्र उत्तीर्ण अर्थात् ८.३३ प्रतिशत परीक्षार्थीहरू मात्र सफल भएको पाइन्छ । प्राप्त प्रतिशत अनुसार थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धि निकै कमजोर देखिन्छ ।

विषयगत औसत प्राप्ताङ्क विश्लेषण गर्दा भाषागत विषयहरू अङ्ग्रेजी र ऐ.नेपालीमा थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धि कमजोर देखिन्छ ।

चित्र नं. १२

श्री चन्द्रकमल उ.मा.वि. डुम्राहा कक्षा १२ को विषयगत औसत प्राप्ताङ्क विवरण




प्रस्तुत वृत्तचित्र अध्ययन गर्दा कक्षा १२ शिक्षा शास्त्र सङ्कायका थारु विद्यार्थीहरूले अङ्ग्रेजीमा १०.१२ प्रतिशत, ऐ. नेपालीमा १८.०५ प्रतिशत, शैक्षिक मूल्याङ्कन र बालविकासमा ११.४९ प्रतिशत, प्राक्टिकममा १६.९६ प्रतिशत र स्वास्थ्य तथा शारीरिक शिक्षामा ३१.८९ प्रतिशत औसत अङ्क प्राप्त गरेको देखिन्छ । सबै विषयहरूको औसत प्रतिशत १६.६६ भन्दा उच्च औसत प्राप्ताङ्क ऐ. नेपाली, प्राक्टिकम र स्वास्थ्य तथा शारीरिक शिक्षामा भएको र अन्यमा न्यून प्राप्ताङ्क भएको देखिन्छ । प्रतिशतको आधारमा विश्लेषण गर्दा अति न्यून शैक्षिक उपलब्धि देखिन्छ ।

### ४.७ सरोकारवाला शिक्षक, विद्यार्थी र अभिभावकहरूको प्रतिक्रिया विश्लेषण

अनुसन्धानका क्रममा छनोटमा परेका प्रत्येक उ.मा.वि.का २/२ जना सरोकारवाला विद्यार्थीहरू, २/२ जना सम्बन्धित अभिभावकहरू र २/२ जना प्राचार्य एवम् शिक्षकहरू कूल ७२ जना उत्तरदाताहरू संलग्न छलफल प्रश्नावलीबाट प्राप्त सूचना एवम् जानकारीहरूलाई एकैठाउँमा एकमुष्ट समावेश गरिएको प्रतिक्रिया विश्लेषण तल प्रस्तुत गरिएको छ ।

#### ४.७.१ सरोकारवाला विद्यार्थीहरूको प्रतिक्रिया विश्लेषण

सामाजिक मूल्य मान्यता एवम् रुढीवादी परम्परा जसले शैक्षिक पक्षसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । थारु समुदायमा हुने यस्ता सामाजिक संस्कारहरू विवाह, चाडपर्व, भोजभतेर आदिले गर्दा थारु विद्यार्थीहरू विद्यालय जादैनन् । तराईका आदिवासी भूमिपुत्रको सङ्ज्ञाले चिनिए पनि आर्थिक विपन्नताका कारणले कक्षा बिचैमा छाडी आय आर्जन गर्न जानुपरेको कुरा

थारु विद्यार्थीहरू बताउँछन् । विदाका दिनमा घरनिर्माण, काठ दाउरा बेच्न, मजदुरीका रूपमा काम गर्नुपर्छ । घर परिवारमा सदस्य सङ्ख्या बढी भएका कारणले पनि बेरोजगार समस्या विद्यमान छ । घरपरिवारमा थारु भाषाको मात्र प्रयोग हुन्छ । छलफल गर्ने वातावरण हुँदैन । राजनीतिका कुराहरू त झन परको पाटो मानिन्छ । आफ्नो खेतीपाती नभए पनि बाध्यतावश अरूको खेती अधियामा गर्नुपर्दछ ।

माथि उल्लेखित कारणहरूले गर्दा उच्च मा.वि.मा अध्ययन गर्ने थारु विद्यार्थीहरूको शैक्षिक अवस्थामा प्रत्यक्ष प्रभाव पारेकाले शैक्षिक अवस्थालाई माथि उकास्न नसकेको सरोकारवाला विद्यार्थीहरूको तर्क छ । विषयगत उपलब्धिबारे छलफल र प्रश्न गर्दा अनिवार्य अङ्ग्रेजी, अनिवार्य नेपाली, ऐच्छिक नेपालीका सन्दर्भमा भाषागत दक्षताको अभावले गर्दा उच्च शैक्षिक उपलब्धि ल्याउन नसकेको बताउँछन् ।

### ४.७.२ शिक्षकहरूको प्रतिक्रिया विश्लेषण

विद्यालयसँग प्रत्यक्ष सम्बन्ध राख्ने अभिभावकहरूमा शैक्षिक चेतनाको कमी रहेको पाइन्छ । अध्ययन क्षेत्रका नमुना छनोटमा परेका करिब ६० प्रतिशत अभिभावकहरू लेखपढ गर्न जान्दैनन् । फलस्वरूप आफ्ना नानीहरूको पढाइलेखाइका लागि समय, सामग्री र सहयोग प्रदान गर्न सक्दैनन् भनी शिक्षकहरू बताउँछन् । थारु विद्यार्थीहरू विद्यालयमा नियमित रूपले आउँदैनन् । शैक्षिक क्रियाकलापमा भाग लिन चाहदैनन् । उ.मा.वि.मा विशेषगरी लेक्चर विधिबाट अध्यापन गराइन्छ । उनीहरूमा भाषिक, राजनैतिक, आर्थिक, सामाजिक परिवेश, पारिवारिक सङ्ख्यात्मक अवस्था, आदिले शैक्षिक अवस्थामा विषयगत उपलब्धिमा प्रभाव पारेको बताउँछन् । थारु विद्यार्थीहरूको विषयगत उपलब्धि सम्बन्धी छलफलबारे अन्तरक्रियामा सम्बन्धित अभिभावकहरू उपस्थित हुँदैनन्, सम्पर्कमा आउँदैनन् । गृहकार्य गर्दैनन् भनी शिक्षकहरू बताउँछन् ।

प्रस्तुत विविध कारणहरूले गर्दा उच्च मा.वि.मा अध्ययन गर्ने थारु विद्यार्थीहरूको शैक्षिक अवस्था नाजुक हुनाका साथै अनिवार्य अङ्ग्रेजीमा अत्यन्त न्यून प्राप्ताङ्क र भाषागत विषयहरूमा पनि सन्तोषजनक शैक्षिक उपलब्धि हासिल गरेको पाइएन । तसर्थ उनीहरूका शैक्षिक अवस्था सुधार गर्न, विषयगत शैक्षिक उपलब्धि वृद्धि गर्न, विद्यालय प्रशासन, सरोकारवाला विद्यार्थीहरू, सम्बन्धित अभिभावक र शिक्षक लगायत व्यवस्थापन समिति समेतले सकारात्मक पहल तर्जुमा गर्नुपर्छ ।

### ४.७.३ अभिभावकहरूको प्रतिक्रिया विश्लेषण

छनोटमा परेका विद्यालयका २४ जना अभिभावकहरू बिच विविध प्रश्नहरूमा सम्बन्धित रही छलफल गर्दा करिब ४० प्रतिशत अर्थात् १० जना अभिभावकहरूले शैषिक अवस्थामा सकारात्मक जवाफ दिए । बाँकी अभिभावकहरूले अनविज्ञता प्रकट गरे । छरछिमेकका छोराछोरी पढेको देखेर, विद्यार्थीहरूकै इच्छा बमोजिम उच्च शिक्षा हासिल गर्न पठाएका हौं भनी बताउँछन् । विविध कारणहरूले गर्दा नेपालका उच्च मा.वि.हरूमा अध्ययन गर्ने थारु विद्यार्थीहरू राजनैतिक नीति निर्णयको उच्च तहमा नहुनु, पुग्न नसक्नु वा पुग्ने वातावरण सकारात्मक नभएको, आर्थिक विकास गर्न विशेष लक्षित कार्यक्रम, सकारात्मक विभेदयुक्त कार्यक्रम गर्नुपर्नेमा राज्य र विद्यालय प्रशासनबाट हुनुपर्नेमा सो नभएको गुनासो गर्छन् । इतिहास जित्नेहरूको लेखिन्छ, हार्नेहरूको इतिहास विश्वमा विरलै पाइन्छ । परम्परागत रूपमा पछाडि परेका थारु विद्यार्थीहरूको सामाजिक मूल्य, मान्यता, रहनसहन, रीतिस्थिति, चालचलन आदिको समयानुकूल संरक्षण र प्रवर्दन हुन नसक्दा सोका लागि थारु विद्यार्थीहरूले समय खर्चिनु परेकाले शैक्षिक उपलब्धिमा कमजोर भएको बताउँछन् । थारुहरूको अधिकांश ग्रन्थहरू या त लोप हुने अवस्थामा छन् या लोप भइसके । त्यस्ता ग्रन्थ तथा सामग्रीहरूको सङ्कलन, सम्पादन, संयोजन, संरक्षण र सम्बर्द्धनमा जोड दिनु पर्दछ । थारुहरूको पारिवारिक अवस्थामा सदस्यहरूको सङ्ख्या ठुलो, भाषिक विविधता, वेरोजगारी समस्या, चेतनाको कमी आदि कारणले गर्दा शैक्षिक अवस्था नाजुक हुन पुगेको साथै विषयगत शैक्षिक उपलब्धि न्यून हुनमा माथि उल्लेखित तत्त्वहरूले प्रभाव पारेको अभिभावकहरूले बताउँछन् । यसका साथै उच्च मा.वि.मा अध्यापन गराउने शिक्षकहरूले समयमा कोर्ष पूरा नगरेको, शिक्षक नियुक्तिमा राजनीतिकरण गरेको, वि.व्य.स उचित शैक्षिक व्यवस्थापन प्रति उत्तरदायी नभएको, प्रभावकारी अनुगमन नगरेको साथै तालिमको व्यवस्था समेत नगरेको भनी दुखेसो पोख्छन् । फलस्वरूप उनीहरू (विद्यार्थीहरू) को शैक्षिक अवस्था विषयगत शैक्षिक उपलब्धि न्यून हुन पुगेको निष्कर्षमा पुग्छन् ।

### ४.८ नमुना छनोटमा परेका विद्यार्थीहरूको समग्र परीक्षाफलको स्थिति

नमुना छनोटमा परेका ६ वटै उच्च माध्यमिक विद्यालयका उत्तीर्ण र अनुत्तीर्ण विद्यार्थी एकै ठाउँमा योग गरी एकमुष्ठ तलको तालिकामा देखाइएको छ :

तालिका नं. १३

विद्यार्थी सङ्ख्या तथा परीक्षाफलको प्रतिशत


<table>
<tr><th>विद्यार्थी</th><th>उत्तीर्ण</th><th>अनुत्तीर्ण</th><th>कुल विद्यार्थी सङ्ख्या</th><th>उत्तीर्ण प्रतिशत</th><th>अनुत्तीर्ण प्रतिशत</th></tr>
<tr><td>छात्र</td><td>8</td><td>23</td><td rowspan="3">138</td><td rowspan="3">15=22</td><td rowspan="3">84=78</td></tr>
<tr><td>छात्रा</td><td>13</td><td>94</td></tr>
<tr><td>कुल</td><td>21</td><td>117</td></tr>
</table>

स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।

माथि उल्लेखित तालिका नं. १३ अध्ययन गर्दा नमुना क्षेत्रका ६ वटै उच्च मा.वि.बाट कुल १३८ जना थारु विद्यार्थीहरूमा २१ जना उत्तीर्ण र ११७ जना अनुत्तीर्ण भएको पाइन्छ । जसमा ८ जना छात्र र १३ जना छात्राहरू उत्तीर्ण र २३ जना छात्र र ९४ जना छात्राहरू अनुत्तीर्ण रहेका छन् । तालिका विश्लेषण गर्दा थारु विद्यार्थीहरूको शैक्षिक अवस्था अत्यन्तै कमजोर भएको पाइन्छ ।

चित्र नं. १३

उत्तीर्ण र अनुत्तीर्ण विद्यार्थी प्रतिशत




प्रस्तुत स्तम्भ चित्र शिक्षाशास्त्र सङ्काय कक्षा ११ र १२ दुवैगरी २१ जना विद्यार्थी उत्तीर्ण र ११७ जना विद्यार्थीहरू अनुत्तीर्ण भएको पाइन्छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५.१ प्राप्ति

सामुदायिक र संस्थागत उच्च माध्यमिक विद्यालय शिक्षा शास्त्र सङ्कायमा अध्ययन गर्ने थारु विद्यार्थीहरूको शैक्षिक अवस्था, सोलाई प्रभाव पार्ने बाह्य तत्त्वहरूको पहिचान र विषयगत उपलब्धिको लेखाजोखा गर्ने सन्दर्भमा अध्ययनका लागि छनोट गरिएका विद्यालयहरूबाट प्राप्त तथ्याङ्क सूचनाहरूको आधारमा अध्ययनको प्राप्तिलाई तल प्रस्तुत गरिएको छ :

- श्री शारदा उ.मा.वि.खनार शिक्षा शास्त्र सङ्काय कक्षा ११ को वार्षिक परीक्षामा २ जना छात्र र १२ जना छात्रा गरी कुल १४ जना सबै परीक्षामा अनुत्तीर्ण भएको प्राप्त भयो । त्यसैगरी कक्षा १२ का २ जना छात्र र ११ जना छात्रा कुल १३ जना पनि अनुत्तीर्ण नै रहेको प्राप्त भयो ।
- विषयगत औसत उपलब्धि तुलना गर्दा अनिवार्य अङ्ग्रेजीमा सबैभन्दा न्यून प्राप्ताङ्क १० र ऐच्छिक जनसङ्ख्या अध्ययनमा सबैभन्दा बढी औसत प्राप्ताङ्क ३९ (कक्षा ११) र स्वा.शा. मा ६५ (कक्षा १२) प्राप्त भयो ।
- उक्त विद्यालयमा कक्षा ११ र कक्षा १२ दुवैमा छात्र (४ जना) भन्दा छात्रा (२३ जना) को सङ्ख्या बढी रहेको पाइयो ।
- श्री पकली उ.मा.वि. पकली कक्षा - ११ का ३ जना छात्र र २१ जना छात्रा कुल २४ जना सबै अनुत्तीर्ण र कक्षा १२ का २ जना छात्र र १५ जना छात्राहरूमा १ जना उत्तीर्ण र बाँकी १४ जना अनुत्तीर्ण भएको पाइयो ।
- उक्त उ.मा.वि.मा अनिवार्य अङ्ग्रेजीमा औसत अङ्क १६.९ र ग्रामीण विकास (कक्षा - ११) मा ४१.९ तथा कक्षा १२ को अनिवार्य अङ्ग्रेजीमा २३.२ र स्वास्थ्य तथा शारीरिक शिक्षामा अधिकतम औसत अङ्क ६०.४ प्राप्त गरेको पाइयो ।
- पकली उ.मा.वि. दुवै कक्षामा ५ जना छात्र र कुल ३६ जना छात्रामा १ जना उत्तीर्ण र बाँकी ३५ जना अनुत्तीर्ण रहेको पाइयो ।

- संस्थागत उ.मा.वि. पाथिभरा कक्षा ११ मा २ जना छात्र उत्तीर्ण, ३ जना छात्रा उत्तीर्ण र १ जना छात्रा अनुत्तीर्ण भएको पाइयो । त्यस्तै कक्षा १२ तर्फ १ छात्र उत्तीर्ण र १ जना अनुत्तीर्ण तथा ३ जना छात्रा सबै उत्तीर्ण भएको पाइयो ।
- उक्त उ.मा.वि.का कक्षा ११ तर्फ ऐच्छिक नेपालीमा सबैभन्दा कम औसत अङ्क २१ र स्वास्थ्य तथा शारीरिक शिक्षामा सबैभन्दा बढी औसत अङ्क ५४.३३, कक्षा १२ तर्फ शैक्षणिक मूल्याङ्कनमा २३ र स्वास्थ्य तथा शारीरिक शिक्षामा ७४.६ औसत प्राप्ताङ्क प्राप्त गरेको पाइयो ।
- संस्थागत उ.मा.वि. सुष्मा तथा गोदावरी कक्षा-११ मा १ जना छात्र उत्तीर्ण १ जना छात्र अनुत्तीर्ण तथा कक्षा १२ तर्फ १ जना छात्र उत्तीर्ण र ४ जना छात्रा अनुत्तीर्ण रहेको पाइयो ।
- उक्त उ.मा.वि. कक्षा ११ तर्फ अनिवार्य अङ्ग्रेजीमा सबैभन्दा न्यून औसत अङ्क २०.५७ र अनिवार्य नेपालीमा उच्चतम औसत अङ्क ५१.४ तथा कक्षा १२ तर्फ शैक्षणिक मूल्याङ्कनमा २८.२५ र ऐच्छिक गणितमा सबैभन्दा बढी औसत अङ्क ६१ प्राप्त गरेको पाइयो ।
- उक्त उ.मा.वि.मा कक्षा-११ तर्फ कुल ७ थारु विद्यार्थीमा २ उत्तीर्ण र ५ अनुत्तीर्ण तथा कक्षा १२ तर्फ कुल ४ जना रहेकामा २ जना उत्तीर्ण र २ जना अनुत्तीर्ण गरेको पाइयो ।
- श्री ज.डे.ज.उ.मा.वि.कक्षा ११ तर्फ १ जना छात्र उत्तीर्ण र ३ जना छात्र अनुत्तीर्ण तथा २ जना छात्रा उत्तीर्ण र ६ जना छात्रा अनुत्तीर्ण तथा कक्षा १२ तर्फ १/१ जना छात्र उत्तीर्ण र अनुत्तीर्ण तथा १ जना छात्रा उत्तीर्ण र ४ जना छात्रा अनुत्तीर्ण भएको पाइयो ।
- उक्त उ.मा.वि.कक्षा ११ मा अनिवार्य अङ्ग्रेजीमा ११.५ र जनसङ्ख्या अध्ययनमा सबैभन्दा बढी ४० औसत अङ्क तथा कक्षा १२ तर्फ अङ्ग्रेजीमा २९ र स्वास्थ्य तथा शारीरिक शिक्षामा ७० औसत प्राप्ताङ्क प्राप्त गरेको पाइयो ।
- उक्त उ.मा.वि.मा दुवै कक्षामा कुल १९ थारु विद्यार्थीहरू मध्ये ५ जना उत्तीर्ण र १४ जना अनुत्तीर्ण भएको पाइयो ।
- श्री चन्द्रकमल उ.मा.वि. कक्षा-११ मा ५ जना छात्र अनुत्तीर्ण छात्रातर्फ कुल ११ जनामा १ जना उत्तीर्ण र १० जना अनुत्तीर्ण तथा कक्षा १२ तर्फ ३ जना छात्र अनुत्तीर्ण र ९ जना छात्रामध्ये १ जना उत्तीर्ण र ८ जना अनुत्तीर्ण भएको पाइयो ।

- विषयगत औसत उपलब्धि अनिवार्य अङ्ग्रेजीइमा १९.६ र स्वास्थ्य तथा शारीरिक शिक्षामा ५३ र कक्षा १२ तर्फ अनिवार्य अङ्ग्रेजीमा १८.५ र स्वास्थ्य तथा शारीरिक शिक्षामा ५८.३ औसत अङ्क प्राप्त गरेको पाइयो ।
- उक्त उ.मा.वि.का दुवै कक्षाका कुल २८ थारु विद्यार्थीहरू मध्ये २ जना उत्तीर्ण र बाँकी २६ जना अनुत्तीर्ण भएको पाइयो ।
- सामुदायिक उ.मा.वि.मा अध्ययन गर्ने थारु विद्यार्थीहरू भन्दा संस्थागत उ.मा.वि.मा अध्ययन गर्ने थारु विद्यार्थीहरूको उत्तीर्ण सङ्ख्या बढी र विषयगत औसत प्राप्ताङ्क समेत बढी रहेकाले शैक्षिक अवस्था उच्च रहेको पाइयो ।
- उ.मा.वि.को शैक्षिक व्यवस्थापनमा विद्यालयसँग सम्बन्धित पक्ष आफ्नो जिम्मेवारीप्रति उत्तरदायी नहुनु, अभिभावकमा चेतनाको कमी, आर्थिक समस्या, शिक्षकको नियुक्तिमा राजनीतिकरण, शिक्षकको क्षमता अभिवृद्धि, तालिम तथा अनुगमन सम्बन्धी समस्या, परिवारको आकार, कृषि तथा वेरोजगारी समस्या, सामाजिक मूल्यमान्यतालाई अनावश्यक समय खर्चेको आदि तत्त्वहरूले प्रभाव पारेको उत्तरदाताहरूबाट पाइयो ।

## ५.२ निष्कर्ष

सामुदायिक उच्च माध्यमिक विद्यालय शिक्षा शास्त्र सङ्काय कक्षा ११ र १२ मा अध्ययन गर्ने छात्र र छात्राहरू अधिकतम सङ्ख्यामा अनुत्तीर्ण भएको पाइयो । संस्थागत उ.मा.वि.मा अध्ययन गर्ने थारु विद्यार्थीहरूको विषयगत शैक्षिक उपलब्धिमा सुधार भएको पाइयो । सामुदायिकका थारु विद्यार्थीहरूको अनिवार्य अङ्ग्रेजी र अनिवार्य र ऐच्छिक नेपालीमा भाषागत कमीकमजोरीले गर्दा औसत प्राप्ताङ्क न्यून रहेको पाइयो । अन्य विषयहरूमा तुलनात्मक रूपले केही सुधार भएको पाइयो । नमुना छनोटमा परेका सरोकारवाला विद्यार्थीहरू, सम्बन्धित अभिभावकहरू र शिक्षकहरूले थारु विद्यार्थीहरूको सामाजिक परिवेश, आर्थिक विपन्नता, राजनीतिक चेतनाको कमी, कृषि एवम् बेरोजगार समस्या, परिवारको आकार, भाषागत कमीकमजोरी आदि कारणले शैक्षिक अवस्था र विषयगत शैक्षिक उपलब्धिमा प्रभाव पारेको बताएको पाइयो ।

## ५.३ सुझावहरू

उच्च माध्यमिक विद्यालय शिक्षा शास्त्र सङ्काय कक्षा ११ र १२ का थारु विद्यार्थीहरूको शैक्षिक अवस्था र विषयगत उपलब्धिमा सुधार ल्याउन उत्तरदाताहरूले दिएको सुझावहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

### ५.३.१ प्राचार्य एवम् शिक्षकहरूका सुझावहरू

- विद्यार्थीहरूलाई नियमित रूपमा आवश्यक सामग्रीहरू सहित विद्यालय पठाउनु पर्दछ ।
- शिक्षकहरूले कक्षामा पाठयोजना बनाई शिक्षण सिकाइ गर्नुपर्दछ । जसले गर्दा विषयगत सिकाइ उपलब्धिमा वृद्धि हुन सक्छ ।
- शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न तालिमको व्यवस्था हुनुपर्दछ ।
- विद्यालयद्वारा आयोजना गरिएको शैक्षिक कार्यक्रम अन्तरक्रियामा विद्यार्थी र सम्बन्धित अभिभावक सहभागी हुनुपर्दछ ।
- पढ्ने समयमा विद्यार्थीहरूलाई आयआर्जन, अनावश्यक काममा नलगाई शिक्षण सिकाइ क्रियाकलापप्रति अभिप्रेरित गर्नुपर्दछ ।
- उपयुक्त कक्षाकोठा व्यवस्थापनका साथै पेसागत सुनिश्चितता र पर्याप्त तलब भत्ताको व्यवस्था हुनुपर्दछ ।

### ५.३.२ अभिभावकका सुझावहरू

- कुशल, सक्षम तथा तालिमप्राप्त शिक्षकको नियुक्ति गरिनुपर्छ ।
- कक्षाकार्य र गृहकार्यलाई शिक्षण सिकाइको प्रमुख आधार बनाउनुपर्छ ।
- शिक्षकहरू विद्यालयमा समयमै नियमित उपस्थित भई अनावश्यक गफमा नभुलिई सिकाइमा केन्द्रित हुनुपर्दछ ।
- विद्यार्थीलाई उपयुक्त हुने गरी शुल्क निर्धारण गरी कार्यान्वयन गरिनुपर्छ ।
- अङ्ग्रेजी र नेपाली भाषालाई सरल तरिकाले बुझाउनुपर्छ ।
- विद्यार्थीहरू अनुपस्थित रहेमा सम्बन्धित अभिभावकलाई जानकारी गराउनु पर्दछ ।
- मासिक, त्रैमासिक र  वार्षिक परीक्षाका विद्यार्थीका प्रगति विवरण विद्यार्थी मार्फत् अभिभावकलाई पठाउनु पर्दछ ।

### ५.३.३ विद्यार्थीका सुझावहरू

- शिक्षकले अङ्ग्रेजी र नेपाली भाषालाई विद्यार्थीको स्तर अनुसार सरल ढङ्गले पढाउनु पर्दछ ।
- शैक्षिक सामग्री प्रयोग गरेर सिकाउनु पर्दछ ।

- उपयुक्त पुस्तकालय, खानेपानी, चर्पी, चमेनागृह, खेलमैदानको व्यवस्था गरिनुपर्छ ।
- बेलाबेलामा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- समय समयमा शैक्षिक भ्रमण र कमजोर आयस्रोत भएका थारु विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था हुनुपर्छ ।

## सन्दर्भ सामग्रीहरू


खनाल, पेशल (२०६२), **शैक्षिक अनुसन्धान पद्धति**, कीर्तिपुर काठमाडौँ : सनलाइट पब्लिकेसन ।

खनाल, श्रीप्रसाद र नवराज मुडवरी (२०६२), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौँ : क्षितिज प्रकाशन ।

गुरुङ, ओम (२०५७), **राजा शिवदेव प्रथम अभिलेख** ।

चौधरी, पुरुषोत्तम (२०५३), **थारु जाति एक परिचय ।**

चौधरी, रामलखन, **सत्य तथ्य सङ्ग्रह** ।

चौधरी, लक्ष्मी नारायण (२०४६), **ज्ञानरश्मी**, अङ्क १ ।

चौधरी, वन्सीराम (२०६७), **कमैया (अतित, वर्तमान, भविस्यत)** ।

जि.शि.का. सुनसरी (२०६६), **शैक्षिक गतिविधि**, इनरुवा ।

दहित, गोपाल (२०६२), **थारु संस्कृतिको सङ्क्षिप्त परिचय** ।

द्विवेदी, गौरीशङ्कर (सन् १९५७), **थारुहरू शाक्य वंशीय क्षेत्रिय** ।

पाजिटर, **हिस्टोरिकल ट्रेडिसन अफ इन्डिया** ।

पौडेल, लेखनाथ (२०५१), **शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा**, काठमाडौँ : प्रतिभा पुस्तक भण्डार ।

फुहरर, विद (सन् १५६२), **एन्टीकविटिज अफ बुद्ध शाक्य मुनिज बर्थ प्लेस इन नेपलिज तराई द मोर्डन डिसेन्डेन्टस् अफ द शाक्यज** ।

बज्राचार्य, धनवज्र (२०३८), **लिच्छवीकालीन अभिलेख** ।

रेग्मी, मुरारीप्रसाद र साथीहरू (२०६३), **कक्षाकोठामा मनोविज्ञान**, काठमाडौँ : न्यु हिरा बुक्स् इन्टरप्राइजेज ।

लेखी थारु, राजकुमार (२०६९), **अधिकारमुखी आन्दोलन** ।

लेभी, सिल्भाँर (सन् १९९०), **अनाल्ज टु माउसेस, ग्रिएट दि नेपाल,** नयादिल्ली : एडुकेसन सर्भिस ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०५५), **शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,** भोटाहिटी, काठमाडौँ : एम के पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

शाक्य, केशवमान (२०४८), **मानवताको पुनर्जन्म भगवान गौतम बुद्ध र थारु समाज**, चिरखा मासिक पत्रिका ।

सिंह, रामानन्द प्रसाद (सन् १९८८), **थारुको वास्तविक कथा** ।

सिंहनेधि, बलविर, **स्टडी अफ रेस एन्ड पिपल अफ द वर्ल्ड एन्ड नर्थ इन्डियन ट्राभल्स** ।

सिन्हा, सत्यदेव नारायण (सन् १९७३), **चम्पारनके थारु** ।

Chaudhary, Mahesh (2062), **Hidden Treasures of Lawland Nepal**.

Chaudhary, Shankar Lal (2003), **Tharus the Pioneer of Civilization of Nepal.**

Singh, Subodh (2010), **Community that Changed Asia**.

## अनुसूची - १

## विद्यार्थीद्वारा भराइने प्रश्नावली

विद्यालयको नाम : कक्षा :

विद्यार्थीको नाम : उमेर :

१) तपाईंले कति सालमा कति अङ्क ल्याई एसएलसी उत्तीर्ण गर्नुभएको हो ?

२) तपाईंलाई उच्च अध्ययन गर्नुपर्छ भन्ने कुरामा कसले प्रेरणा दिएको हो ? अभिभावकहरू वा शिक्षकहरूले ?

३) हाल तपाईं कुन सङ्कायमा अध्ययनरत हुनुहुन्छ ?

४) तपाईंको विचारमा थारु विद्यार्थीहरू शिक्षा क्षेत्रमा किन पछि परेजस्तो लाग्छ ?

५) तपाईंको घर परिवारको आम्दानीको मुख्य स्रोतहरू के-के हुन् ?

६) घर परिवार, छरछिमेकमा हुने सामाजिक क्रियाकलापहरूमा कतिको सक्रिय भूमिका निर्वाह गर्नुहुन्छ ?

७) तपाईंलाई विद्यार्थी जीवनमा राजनीति गर्नुपर्छ जस्तो लाग्छ कि लाग्दैन ?

८) तपाईं घर परिवारका सदस्यहरूसित व्यवहार गर्दा कुन भाषा प्रयोग गनुहुन्छ ?

९) उच्च अध्ययन गर्दा सन्दर्भ सामग्रीहरूको प्रयोग गर्नुहुन्छ कि हुँदैन ?

१०) शिक्षकले अध्यापन गराउँदा नबुझेका कुराहरू कतिको सोध्नहुन्छ ? वा भाषामा कुनै कठिनाइ छ कि ?

११) अन्तमा तपाईंको विचारमा थारु विद्यार्थीहरूले उच्च अङ्क ल्याउन नसक्नुका पछाडि के-के कारणहरू हुन सक्छन् ?

# अनुसूची - २

## अभिभावकहरूद्वारा भराइने प्रश्नावली

१) तपाईंको पूरा परिचय :

२) तपाईंका छोराछोरीहरू कति जना विद्यालय स्तरमा र कति जना उच्च अध्ययनमा अध्ययरत छन् ?

३) तपाईं छोराछोरीको शैक्षिक अवस्था बुझ्न उ.मा.वि. जानुहुन्छ वा हुन्न ? बोलाएपछि वा आफैँ ?

४) उच्च मा.वि.मा अध्ययन गर्ने छोराछोरीको प्राध्यापकहरूसँग कतिको सम्पर्क गरी शैक्षिक स्थितिबारे छलफल गर्नुहुन्छ ?

५) तपाईंको परिवारको आम्दानीको मुख्य पेसा कृषि, व्यवसाय, रोजगारी ... के हो ?

६) तपाईं घरपरिवारमा छोराछोरीहरूसँग शैक्षिक अवस्थाबारे कतिको छलफल गर्नुहुन्छ ?

७) तपाईं राजनीति बारे कति चासो राख्नुहुन्छ ?

८) तपाईंको विचारमा छोराछोरीहरूले शैक्षिक उपलब्धि हासिल गर्न नसक्नुका कारणहरू के-के हुन सक्छन् ?

९) परिवारमा छोराछोरीसँग छलफल गर्दा कुन कुन भाषा प्रयोग गर्नुहुन्छ ?

१०) तपाईंको विचारमा सामाजिक परिवेशले शिक्षामा कतिको प्रभाव पारेको जस्तो लाग्छ ?

११) अन्त्यमा छोराछोरीको शैक्षिक स्तर उकास्न तपाईंको प्रभावकारी भूमिकाबारे बताइदिनु होस् न ?

# अनुसूची - ३

## विद्यालयका शिक्षक/प्राध्यापकका लागि तयार गरिएको प्रश्नावली

विद्यालयको नाम : तालिम :

प्राध्यापक/शिक्षकको नाम : अनुभव :

१) तपाईं कतिवटा उच्च माध्यमिक विद्यालयमा अध्यापन गर्नुहुन्छ ?

२) तपाईं विद्यालयमा कुन-कुन विषय अध्यापन गराउनु हुन्छ ?

३) तपाईंको विद्यालयमा नियमितता बारे बताइदिनु हुन्छ कि ?

४) तपाईंको विषयमा थारु विद्यार्थीहरूको अवस्था कस्तो देख्नुहुन्छ ?

५) थारु विद्यार्थीका अभिभावकहरू तपाईंसँग कुन अवस्थामा सम्पर्क गर्छन् ?

६) तपाईंको विषयमा थारु विद्यार्थीहरूको शैक्षिक उपलब्धि कस्तो छ ?

७) शिक्षक, अभिभावक र विद्यार्थी बीच अन्तर्क्रिया गर्न प्राचार्यको भूमिका कस्तो पाउनु भएको छ ?

८) तपाईंको विषयमा थारु विद्यार्थीहरू कतिको भाषिक कठिनाइ महसुस गर्छन् ?

९) तपाईंले विद्यार्थीहरूको शैक्षिक उपलब्धि माथि उकास्न कस्तो शिक्षण विधिहरू अपनाउनु हुन्छ ?

१०) तपाईंको विद्यालयमा कस्तो आर्थिक अवस्था भएका विद्यार्थीहरू अध्ययन गर्न आउँछन् ?

११) तपाईं विद्यार्थीहरूलाई गृहकार्य कति गराउनु हुन्छ ?

१२) तपाईंको विचारमा शैक्षिक उपलब्धि कमजोर भएका विद्यार्थीहरूको अवस्था कसरी सुधार गर्न सकिन्छ जस्तो लाग्छ ?

१३) तपाईंले विद्यार्थीहरूमा राजनीतिक चेतना कस्तो देख्नुहुन्छ ?

१४) तपाईंको विचारमा शैक्षिक उपलब्धिमा सामाजिक, आर्थिक र भाषिक कठिनाइले कस्तो भूमिका खेलेको जस्तो लाग्छ ?

१५) अन्त्यमा थारु विद्यार्थीहरूले शैक्षिक उपलब्धि न्यून हुनमा कुन-कुन तत्त्वहरूले प्रभाव पारेको देख्नुहुन्छ ?

# अनुसूची - ४

## विद्यार्थी, अभिभावक र शिक्षकका लागि छलफल निर्देशिका

१) समाजिक परिवेशले पार्ने प्रभाव

२) आर्थिक अवस्थाले पार्ने प्रभाव

३) राजनीतिक परिवर्तनको असर

४) कृषि पेसाको भूमिका

५) परिवारको आकारले पार्ने प्रभाव

६) भाषिक कठिनाइको असर

७) वेरोजगार समस्या

# अनुसूची - ५

## नमुना छनोटमा परेका विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावकहरूको नामावली

| विद्यालयको नाम | शिक्षकको नाम | विद्यार्थीहरूको नाम | अभिभावकहरूको नाम |
|---|---|---|---|
| १. श्री शारदा उ.मा.वि. खनार | चन्द्रकला खनाल | जुग ना. चौधरी | भूमि चौधरी |
| | अर्चना झा | भरत चौधरी | दिनेश चौधरी |
| | विष्णु प्र. भट्टराई | सनम चौधरी | गेनालाल चौधरी |
| | नविन कु. शर्मा | दुर्गी चौधरी | रमेश चौधरी |
| २.श्री चन्द्रकमल उ.मा.वि.डुम्राहा | उमानन्द पाल | ललिता चौधरी | भजनलाल चौधरी |
| | सत्य ना. मेहता | काजल चौधरी | सञ्जिव कु. चौधरी |
| | विन्दा कु.पराजुली | नितु कुमारी चौधरी | अधिकलाल चौधरी |
| | टेक ना. चौधरी | कविता चौधरी | श्यामकुमार चौधरी |
| ३.पाथिभरा अंग्रेजी उ.मा.वि.इटहरी | चेतनाथ भट्टराई | विनोद चौधरी | रमेश चौधरी |
| | रेवतभणि पौडेल | पुनम चौधरी | श्रवण चौधरी |
| | पदम प्र. विमली | वैजनाथ चौधरी | कृपाराम चौधरी |
| | अंगुरा सुवेदी | सुमित्रा चौधरी | कमलादेवी चौधरी |
| ४. गोदावरी उ.मा.वि.इटहरी | लेखनाथ भट्टराई | मनिसा चौधरी | लल्कु चौधरी |
| | गोकुल प्रधान | सम्झना चौधरी | तेतर चौधरी |
| | शिवचरण ठाकुर | अरूण कु. चौधरी | सुरेशलाल चौधरी |
| | रोवनराज कार्की | हृदयेश कु. चौधरी | राम ना. चौधरी |
| ५. पकली उ.मा.वि. पकली | रमेश चौधरी | महेश चौधरी | विश्वनाथ चौधरी |
| | रुद्र सुवेदी | विरेन्द्र चौधरी | देव ना. चौधरी |
| | राम ब. राई | रेखा चौधरी | दिनेश चौधरी |
| | हरिराम भट्टराई | आरती चौधरी | राधा चौधरी |
| ६. श्री ज.डे.ज.उ.मा.वि.भरौल | भिखन चौधरी | अञ्जली चौधरी | कालुराम चौधरी |
| | हिरामणि पौडेल | सुस्मिता चौधरी | सुजित चौधरी |
| | भोला प्र. कोइराला | विष्णु चौधरी | छुतहरू चौधरी |
| | लालु चौधरी | देवकुमार चौधरी | कालुराम चौधरी |